# प्रभाव दैनिक

National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १७९ | काठमाडौं | मंगलबार, १० कात्तिक २०८३ | Prabhab National Daily | Tuesday, 27 October 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# अर्थमन्त्री वाग्लेको 'भारतपरस्त' अभिव्यक्तिले खलबली

■ जेबी योञ्जन

**काठमाडौं–** अर्थमन्त्री डा.स्वर्णिम वाग्लेले भारतको नयाँदिल्लीमा दिएको अभिव्यक्तिले नेपाली राजनीतिक तथा बौद्धिक वृत्तमा खलबली मच्चाएको छ । नेपाली राष्ट्रवादलाई भारतविरोधी भावनासँग जोडेर हेर्ने युग समाप्त भएको उनको टिप्पणीप्रति प्रतिपक्षी दलका नेता, पूर्वमन्त्री, अर्थशास्त्रीदेखि कलाकारसम्मले प्रश्न उठाएका छन् ।

उनीहरूले भारतसँग मैत्रीपूर्ण सम्बन्ध राख्नु नेपालको हितमा भए पनि राष्ट्रिय स्वाभिमान, स्वतन्त्र परराष्ट्र नीति र राष्ट्रिय सरोकारका मुद्दालाई कमजोर देखाएर सम्बन्ध सुधार्न खोज्नु गलत भएको बताएका छन् । वाग्लेको अभिव्यक्तिले नेपाल-भारत सम्बन्धमा रहेका सीमा विवाद, व्यापार घाटा, गैरभन्सार अवरोध र अन्य असमझदारीबारे नेपालको अडान कमजोर पार्न सक्ने उनीहरूको तर्क छ ।

अर्थमन्त्री वाग्लेले कात्तिक ६ गते नयाँदिल्लीमा आयोजित 'एनडिटिभी वर्ल्ड समिट-२०२६' मा सम्बोधन गर्दै नेपालमा भारतविरोधी भावनासँग जोडिएको राष्ट्रवादको युग सकिएको बताएका थिए । उनले नयाँ पुस्ताको प्राथमिकता आर्थिक समृद्धि, रोजगारी, सुशासन र असल छिमेकी सम्बन्ध रहेको उल्लेख गरेका थिए ।

'भारत र नेपालबीचको सम्बन्ध निकै गहिरो छ । कहिलेकाहीँ समस्या आउँछन् तर हामी एकअर्कासँग दृढरूपमा जोडिएका छौं,' वाग्लेले भनेका थिए, 'भारतसँगको जस्तो सम्बन्ध विश्वका अन्य कुनै पनि देशसँग नेपालको छैन । कुनै समय राष्ट्रवादलाई भारतविरोधी भावनासँग जोडेर हेर्ने गरिन्थ्यो । तर, त्यो युग अब सकिएको छ ।'

उनले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको नयाँ सरकारले भारतसँगको सम्बन्धलाई थप सुदृढ र नयाँ उचाइमा पुऱ्याउन चाहेको पनि बताएका थिए । तर, उनको अभिव्यक्तिले नेपालमा भारतविरोधी राष्ट्रवादको अस्तित्व नै स्वीकार नगरेको र राष्ट्रिय हितका विषय उठाउने प्रवृत्तिलाई भारतविरोधी भावनाका रूपमा चित्रण गरेको भन्दै आलोचना भएको छ ।



'नेपालमा कहिल्यै भारत विरोधी राष्ट्रवादको युग थिएन । नेपालले जहिल्यै सार्वभौम समानता र पारस्परिक हित एवं सम्मानमा उभिएको मित्रतापूर्ण सम्बन्ध चाहृयो र आज पनि त्यही चाहन्छ,' पूर्वपरराष्ट्रमन्त्री एवं नेकपा एमालेका नेता प्रदीप ज्ञवालीले भने, 'कुनै व्यक्ति या समूह विशेषले राख्ने दृष्टिकोण आफैंमा कुनै 'युग' होइन । त्यसले समग्र राष्ट्रको प्रतिनिधित्व पनि गर्दैन । अर्थमन्त्रीले कुन 'युग'को कुरा गर्नुभएको हो ?'

ज्ञवालीका अनुसार विदेशी भूमिमा नेपालको आन्तरिक राजनीतिक मत भिन्नताबारे बोल्नु उपयुक्त होइन । नेपाल र भारतबीच सीमा समस्या, सन् १९५० को सन्धिका कतिपय प्रावधान, नेपाली उत्पादनको भारतीय बजारमा पहुँच, बढ्दो व्यापार घाटा र सीमामा निर्माण गरिएका संरचनाका कारण हुने डुबानजस्ता विषयमा खुलस्त छलफल हुनुपर्छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का नेता तथा पूर्वपरराष्ट्रमन्त्री कमल थापाले पनि वाग्लेको अभिव्यक्तिलाई नेपाली राष्ट्रियतामाथिको अवमूल्यन भनेका छन् । 'नेपाल-भारत सम्बन्धका सन्दर्भमा डा. स्वर्णिम वाग्लेले हालै दिल्लीमा दिनुभएको अभिव्यक्ति आपत्तिजनकमात्र नभई नेपाली राष्ट्रियतामाथिको ठाडो अवमूल्यन हो । नेपालको राष्ट्रवाद कहिल्यै पनि कुनै मुलुकविशेषको विरोधमा टिकेको छैन,' उनले भने ।

सानो समूहका केही धारणालाई आधार बनाएर सिंगो मुलुकको राष्ट्रिय भावनालाई संकुचितरूपमा व्याख्या गर्नु वाग्लेको गलत दृष्टिकोण भएको थापाको भनाइ छ ।

एमाले नेता गोकुल बाँस्कोटाले पनि वाग्लेको अभिव्यक्तिप्रति कडा आपत्ति जनाएका छन् । उनले अर्थमन्त्रीको टिप्पणीलाई राष्ट्रवाद र राष्ट्रिय हितसम्बन्धी राजनीतिक, कूटनीतिक तथा ऐतिहासिक बुझाइको कमजोरीका रूपमा व्याख्या गरेका छन् ।



नेपालमा कहिल्यै भारत विरोधी राष्ट्रवादको युग थिएन । कुनै व्यक्ति या समूह विशेषले राख्ने दृष्टिकोण आफैंमा कुनै 'युग' होइन । त्यसले समग्र राष्ट्रको प्रतिनिधित्व पनि गर्दैन । अर्थमन्त्रीले कुन 'युग'को कुरा गर्नुभएको हो ?

■ **प्रदीप ज्ञवाली**
पूर्वपरराष्ट्रमन्त्री



नेपाल-भारत सम्बन्धका सन्दर्भमा डा. स्वर्णिम वाग्लेले हालै दिल्लीमा दिनुभएको अभिव्यक्ति आपत्तिजनक मात्र नभई नेपाली राष्ट्रियतामाथिको ठाडो अवमूल्यन हो । नेपालको राष्ट्रवाद कहिल्यै पनि कुनै मुलुकविशेषको विरोधमा टिकेको छैन ।

■ **कमल थापा**
पूर्वपरराष्ट्रमन्त्री



नेपालको स्वतन्त्र विदेश नीति, राष्ट्रिय स्वाभिमान र कूटनीतिक बार्गेनिङ क्षमतामाथि प्रश्न खडा गरेको छ । भारतविरोधी अन्धराष्ट्रवाद गलत भए पनि त्यसको विरोध गर्ने नाममा नेपालको आर्थिक तथा भौगोलिक चासोलाई ओझेलमा पार्न मिल्दैन ।

■ **प्रा.डा. तारा भुसाल**
अर्थशास्त्रका प्राध्यापक, त्रिवि

⏭ क्रमशः पृष्ठ २ मा

# बिहीबारदेखि भारी वर्षाको पूर्वानुमान १४ जिल्लामा 'रेड अलर्ट'

■ प्रभाव संवाददाता

**काठमाडौं–** यतिबेला देशभर धानबाली भित्र्याउने समय हो । विशेषगरी पहाडी क्षेत्रमा धमाधम धान काटेर भित्र्याउने समयमै भारी वर्षाको पूर्वानुमान गरिएको छ ।

नेपाल मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महशाखाले बंगालको खाडीमा रहेको 'अर्नब' चक्रवात् थप शक्तिशाली बन्दै गएको अवस्थामा नेपालमा बिहीबारदेखि शनिबारसम्मै असर पुग्न सक्ने पूर्वानुमान गरेको हो ।

मौसमविद् माधवी सिग्देलले बिहीबारदेखि नै नेपालमा यसको असर देखिन सक्ने बताइन् । 'बंगालको खाडीमा रहेको चक्रवात् विस्तारै अति शक्तिशाली चक्रवात्को रूपमा विकसित हुने देखिन्छ । यो चक्रवात् कात्तिक ११ गते भारतको आन्ध्र प्रदेश र विशाखपटनममा पुग्ने देखिन्छ । नेपालमा यसको प्रभाव बिहीबारबाट पर्ने देखिन्छ । शुक्रबार र शनिबार कोशी मधेस बागमती गण्डकी लुम्बिनी प्रदेशका विभिन्न ठाउँमा हावाहुरी चटचाङसहित मध्यमदेखि भारी वर्षा हुने सम्भावना छ,' मौसमविद् सिग्देलले भनिन् ।

⏭ क्रमशः पृष्ठ २ मा


NPL
NEPAL PREMIER LEAGUE

:sf/afß{

लुम्बिनी लायन्स ७ विकेटले विजयी

८८/३ (९.५ ओभर) | ८७/१० (१७.२ ओभर)

cfhsf] vh

lbpF;f] !@M#) ah]

ck/fx\g )$M#) ah]


सन्दर्भः वैदेशिक रोजगार

# एफडब्ल्युसिएमएस प्रकरणले मलेसियाको रोजगारी प्रभावित

## श्रमिक पठाउने प्रक्रिया ठप्प, दैनिक सयौं युवाले गुमाउँदै रोजगारीको अवसर

■ ममता थापा

**काठमाडौं–** रोजगारीका लागि मलेसिया जान खोज्ने नेपाली श्रमिकको भर्ना प्रक्रिया रोकिएको छ । उक्त मुलुकले लागू गर्न खोजेको नयाँ प्रणालीका कारण गत अक्टोबर १५ यता कुनै पनि व्यवसायीले श्रमिक भर्ती प्रक्रिया अघि बढाउन नसकेको जनाइएको छ ।

हाल वैदेशिक रोजगार विभागले मलेसियाको विदेशी श्रमिकको केन्द्रीकृत व्यवस्थापन प्रणाली (एफडब्ल्युसिएमएस) मा सूचीकृत भएका २५ मुख्य संस्था र २५० सहायक संस्थाका लागि मलेसियाको पूर्वस्वीकृति रोक्का गरेको छ । अहिले बाँकी व्यवसायीले पनि श्रमिकको मेडिकल गर्न नपाउँदा उक्त मुलुकको रोजगारी नै प्रभावित भएको वैदेशिक रोजगार व्यवसायी दिनेश श्रेष्ठले बताए ।

'बायोमेडिकल रजिस्ट्रेसनका लागि अक्टोबर १५ को कटअफ डेट भनेको थियो । त्यसपछि दसैं लागिहाल्यो । अक्टोबर १५ बाट व्यवसायीले मेडिकल गर्न पाएका छैनन् । मैलेचाहिँ आइतबार मेडिकल गर्न खोज्दा मिलेन,' उनले भने ।

बेस्टिनेटले अक्टोबर ६ तारिखमा मेमो पठाउँदै यही नोभेम्बर ५ बाट २५ प्रिन्सिपल




एजेन्सी (पिआरए)ले मात्र मलेसियाको स्वास्थ्य परीक्षण गर्न पाउने बताएको थियो । मेमोमा मेडिकल सेन्टरहरूलाई अक्टोबर १५ अघि बायोमेट्रिक दर्ता, स्वास्थ्य परीक्षण, ल्याब रिपोर्ट, आवश्यक परे पुनः परीक्षणलगायतका काम पूरा गरिसक्नसमेत भनेको थियो । मलेसियाको निजी संस्थाको नियमका कारण ८०० भन्दा बढी व्यवसायीका लागि श्रमिक पठाउने बाटो बन्द भएको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका तृतीय उपाध्यक्ष तथा मलेसिया सिण्डिकेटविरुद्धको संघर्ष समितिका संयोजक लक्ष्मण पौडेलले बताए ।

'२७५ संस्थाले पूर्वस्वीकृति नै पाएनन् । बाँकी म्यानपावरले श्रम स्वीकृति पाए तर मेडिकल गर्न पाएनन् । त्यसो हुँदा १५ अक्टोबरयता नयाँ श्रमिकको भर्ना पूरै रोकियो,' उनले भने ।

बेस्टिनेट र एफडब्ल्युसिएमएस सञ्चालन गर्ने व्यक्ति एउटै भएकाले मेडिकललाई प्रयोग गरेर नेपालको काम रोकेर बंगलादेशबाट श्रमिक लग्न खोजेकोसमेत बुझिएको संयोजक पौडेलले बताए । यदि यो प्रणाली कार्यान्वयनमा आए व्यवसायीहरू स्वास्थ्य परीक्षण गर्ने संस्थाविरुद्ध पनि उत्रने उनले चेतावनी दिए । मलेसियाभित्रै पनि यो प्रणालीको विरोध भइरहेकाले कार्यान्वयनमा नआउने उनको भनाइ छ ।

'मलेसियाको भर्ना प्रक्रिया एजेण्टमार्फत हुन्छ । ती एजेन्सीहरू यसको विरुद्धमा छन् । मलेयियाकै सरकारी अधिकारीदेखि त्यहाँ श्रमिकको लागि काम गर्दै आएका संस्थाले विरोध गरिरहेका छन् । त्यसैले नेपालमा लागू हुने सम्भावना छैन । तर व्यवसायीले दुःख पाए,' उनले भने ।

नेपालीहरूको प्रमुख रोजगार गन्तव्य मलेसियामा अहिले विगतमा मेडिकल गरेका तथा छुट्टीमा आएकाहरू मात्र गइरहेका छन् । उक्त मुलुकमा गत आर्थिक वर्ष २०८२/८३ मा ६७ हजार ३७७ जना पहिलोपटक श्रम स्वीकृति लिएर गएका थिए ।

❝

एफडब्ल्युसिएमएसमा सूचीकृत २७५ संस्थाले पूर्वस्वीकृति नै पाएनन् । बाँकी म्यानपावरले श्रम स्वीकृति पाए तर मेडिकल गर्न पाएनन् । त्यसो हुँदा १५ अक्टोबरयता नयाँ श्रमिकको भर्ना पूरै रोकियो ।

■ **लक्ष्मण पौडेल**
तृतीय उपाध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ

⏭ क्रमशः पृष्ठ २ मा


धर्म, संस्कृति र परम्परालाई सम्मान गरौं

* चाडपर्व मनाउँदा अनावश्यक तडक-भडक नगरौं,
* चाडपर्व सभ्य, शिष्ट र मर्यादित रुपमा मनाऔं,
* धार्मिक, सांस्कृतिक संस्कारलाई निरन्तरता दिऔं,
* एक अर्काको चाडपर्वप्रति सम्मान गरौं ।

सामाजिक सद्भाव र सहिष्णुता कायम गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

पृष्ठ १ बाट क्रमशः

## अर्थमन्त्री...

'अर्थमन्त्री वाग्ले जब भारत पुग्छन्, तब नेपाल राष्ट्रविरुद्ध छाड्छन्,' बाँस्कोटाले सामाजिक सञ्जालमा लेखेका छन् ।

उनले वाग्लेको अभिव्यक्तिले प्रधानमन्त्री वालेन्द्र शाहको प्रस्तावित भारत भ्रमणमा सीमा विवादजस्ता विषय उठाइन्छन् कि उठाइँदैनन् भन्ने आशंका पैदा गरेको बताएका छन् ।

एमाले नेता राजन भट्टराईले पनि नेपालको हितमा बोल्नुलाई भारतविरोधी वा उग्र राष्ट्रवाद भन्न नमिल्ने बताएका छन् । दक्षिणी सीमामा निर्माण गरिएका संरचनाका कारण नेपाली भूभाग डुबानमा पर्ने समस्या उठाउनु, अलैंची, चिया र जुटजस्ता नेपाली उत्पादनलाई भारतीय बजारमा सहज पहुँच माग्नु तथा नेपाली बिजुली खरिदमा भारतले राख्ने सर्तमाथि प्रश्न गर्नु राष्ट्रिय हितको पक्षमा बोल्नु भएको उनको तर्क छ ।

त्रिभुवन विश्वविद्यालयका अर्थशास्त्रका प्राध्यापक डा. तारा भुसालले पनि वाग्लेको अभिव्यक्तिले नेपालको स्वतन्त्र विदेश नीति, राष्ट्रिय स्वाभिमान र कूटनीतिक बार्गेनिङ क्षमतामाथि प्रश्न खडा गरेको बताएका छन् । उनका अनुसार भारतविरोधी अन्धराष्ट्रवाद गलत भए पनि त्यसको विरोध गर्ने नाममा नेपालको आर्थिक तथा भौगोलिक चासोलाई ओझेलमा पार्न मिल्दैन । दुई देशबीचको व्यापार घाटा, गैरभन्सार अवरोध, ऊर्जा व्यापारमा भारतको प्रभाव तथा कालापानी र लिपुलेकजस्ता सीमा विवाद नेपालको महत्त्वपूर्ण सरोकार भएको भुसालको भनाइ छ ।

उनले भारतमा आयोजित मञ्चबाट 'नेपालमा भारतविरोधी राष्ट्रवादको युग सकियो' भन्ने घोषणा गर्नु हतारो भएको टिप्पणी गरेका छन् । यस्तो अभिव्यक्तिलाई भारतीय संस्थापन पक्षलाई आश्वस्त पार्ने प्रयासका रूपमा बुझ्न सकिने उनको विश्लेषण छ ।

पूर्वअर्थ तथा परराष्ट्रमन्त्री डा. प्रकाशचन्द्र लोहनीले भने वाग्लेलाई आफ्नो मन्त्रालयको कार्यसम्पादनमा ध्यान दिन सुझाव दिएका छन् । उनले नेपालको निर्यात व्यापारमा देखिएका गैरभन्सार अवरोध हटाउन सरकारले ठोस पहल गर्नुपर्ने बताएका छन् ।

लोहनीले दक्षिण एसियामा 'मुनरो डक्ट्रिन' जस्तो अवधारणाप्रति वाग्लेले देखाएको आकर्षणको औचित्यमाथि पनि प्रश्न उठाएका छन् । यस्तो अवधारणा नेपालको आधिकारिक विदेश नीतिसँग कसरी मेल खान्छ भन्ने स्पष्ट पार्नुपर्ने उनको भनाइ छ ।

अभिनेता राजेश हमालले पनि वाग्लेको अभिव्यक्तिले नेपालको परराष्ट्र नीतिको सिद्धान्तमा आधारित जगलाई विकृत पार्ने जोखिम रहेको बताएका छन् । उनले अर्थमन्त्रीले आफ्नो मन्त्रीस्तरीय जिम्मेवारीको सीमाभन्दा बाहिर गएर अभिव्यक्ति दिएको टिप्पणी गरेका छन् ।

हमालका अनुसार नेपालको परराष्ट्र नीति राष्ट्रिय सार्वभौमसत्ता, स्वाभिमान र दीर्घकालीन सिद्धान्तमा आधारित हुनुपर्छ । नेपाल-भारत सम्बन्धलाई व्यक्तिगत चाकरी वा सार्वजनिक उपहास निम्त्याउने टिप्पणीमा सीमित गर्न नहुने उनको भनाइ छ । 'छिमेकी राष्ट्रहरूसँगको मित्रता र आफ्नो सार्वभौमसत्ताप्रतिको निष्ठा एकअर्काका प्रतिस्पर्धी उद्देश्य होइनन् । यी त एकअर्काका पूरक जिम्मेवारी हुन्,' हमालले लेखेका छन् ।

उनले नेपाल-भारत सम्बन्ध बलियो बनाउने प्रयासको स्वागत गर्दै राष्ट्रिय अडानलाई उचित कूटनीतिक विवेक, प्रमाण र सौहार्द्रपूर्ण संवादमार्फत प्रस्तुत गर्नुपर्ने बताएका छन् । यद्यपि, सत्तारूढ रास्वपाका सांसद राजीव खत्रीले भने वाग्लेको अभिव्यक्तिको बचाउ गरेका छन् । छिमेकीलाई गाली गरेर राजनीति गर्ने समय गएको भन्दै उनले प्रश्न गरेका छन्, 'अनि के भारतलाई गाली गरौं, राष्ट्रियता जोगाऔं भन्नुपर्ने थियो ?'

खत्रीले विगतमा भारतमा बसेर नेपालमा राजनीतिक गतिविधि गर्ने र पछि राष्ट्रियताको कुरा गर्ने नेताहरूमाथि पनि प्रश्न उठाएका छन् ।

■■■

## बिहीबारदेखि...

भारी वर्षाबाट जोगाउन बालीनाली बिहीबारअघि नै भित्र्याउनसमेत सिग्देलले आग्रह गरिन् । उच्च पहाडी तथा हिमाली क्षेत्रमा भारी हिमपात, हिमआँधी र हिमपहिरोको उच्च जोखिम रहेको उल्लेख गर्दै तत्कालका लागि हिमाली क्षेत्रमा नजानसमेत उनको आग्रह छ ।

### कहाँ-कहाँ पर्दै छ भारी वर्षा ?

सुदूरपश्चिम र कर्णालीबाहेकका अरू प्रदेशमा भारी वर्षाको पूर्वानुमान गरिएको छ । 'हालसम्मको मौसम विश्लेषणअनुसार कात्तिक १२ गते बिहीबारबाट सुरु भई विशेषगरी शुक्रबार र शनिबार कोशी, बागमती, मधेस, गण्डकी र लुम्बिनी प्रदेशसम्मको क्षेत्र बढी प्रभावित हुने सम्भावना रहेको छ,' महाशाखाको विशेष बुलेटिनमा भनिएको छ ।

त्यसको प्रभावले शुक्रबारदेखि शनिबारसम्म कोशी, मधेस, बागमती र गण्डकी प्रदेशका धेरै स्थानमा मेघगर्जन/चटयाङ/हावाहुरीसहित मध्यमसम्मको र थोरै ठाउँमा भारी वर्षाको पनि सम्भावना रहेको महाशाखाले जनाएको छ । 'लुम्बिनी प्रदेशका केही स्थानमा मेघगर्जन/चटयाङ/हावाहुरीसहित मध्यमसम्मको र थोरै स्थानमा भारी वर्षाको पनि सम्भावना छ,' महाशाखाले भनेको छ, 'साथै, कर्णाली र सुदूरपश्चिम प्रदेशका केही स्थानमा मेघगर्जन/चटयाङ/हावाहुरीसहित मध्यम वर्षा तथा एक-दुई स्थानमा भारी वर्षासमेत सम्भावना छ ।'

महाशाखाले हुम्ला, मुगु, डोल्पा, मुस्ताङ, मनाङ, गोरखा र धादिङका हिमाली भूभाग, रसुवा, सिन्धुपाल्चोक, दोलखा, सोलुखुम्बु, संखुवासभा र ताप्लेजुङका निम्ति 'रेड अलर्ट' जारी गरेको छ ।

सोही कारण धानबाली भित्र्याउनेलगायत कृषि कार्य बिहीबारभन्दा अघि नै गर्न महाशाखाले सुझाव दिएको छ । यो अवधिमा चिसोसमेत बढ्न सक्ने बताइएको छ । 'चिसो बढ्न सक्ने तथा जोखिमयुक्त स्थान, सडक छेउछाउ पहिरो जान सक्ने, सडक तथा हवाई यातायातलगायत दैनिक जनजीवन प्रभावित हुन सक्ने भएकोले आवश्यक सतर्कता अपनाउनुहुन तथा पूर्वतयारी गर्नुहुन सर्वसाधारण तथा सबै सरोकारवाला निकायहरूमा अनुरोध छ,' महाशाखाले भनेको छ ।

### प्राधिकरणले भन्यो- आवश्यक परे सवारी आवागमन बन्द गर्ने

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण व्यवस्थापन प्राधिकरणले यो अवधिमा आवश्यक परे सवारी आवागमन बन्द गर्नेसमेत जनाएको छ । प्राधिकरणका प्रवक्ता रामबहादुर केसीले एक विज्ञप्ति जारी गर्दै मंगलबार भनेका छन्, 'आवश्यक परेमा सवारी आवागमन बन्द गर्ने, गराउने । सवारी आवागमन बन्द गर्नुपूर्व सो को अग्रिम जानकारी सर्वसाधारणसम्म पुर्‍याउने व्यवस्था मिलाउने ।'

यो अवधिमा सडक तथा हवाई यातायातलगायत दैनिक जनजीवन प्रभावित हुनसक्ने भएकोले आवश्यक सतर्कता अपनाउनसमेत आग्रह गरिएको छ । प्राधिकरणले यसका लागि सम्बन्धित संघीय मन्त्रालय तथा निकाय, प्रदेश सरकार, स्थानीय तह, तीनवटै सुरक्षा निकाय, स्वयंसेवकलगायत सरोकारवाला सबै निकायले आमसर्वसाधारणलाई जोखिमबारे सुसूचित गर्ने र प्रतिकार्यका लागि तयारी अवस्थामा रहन आग्रह गरेको छ ।

यसैगरी जिल्ला सुरक्षा समिति, स्थानीय तह, सुरक्षा निकाय, स्वयंसेवकलगायतले पूर्वसूचना/चेतावनी अनुसार जोखिमयुक्त स्थानमा बसोबास गर्ने व्यक्ति, घरपरिवारलाई विपद् प्रतिकार्य गर्नुपूर्व नै सुरक्षित स्थानमा स्थानान्तरण गर्ने, गराउनेबारेमा सचेत रहनसमेत आग्रह गरिएको छ ।

■■■

## एफडब्ल्युसिएमएस प्रकरणले...

२०८१/८२ मा भने मलेसियाको रोजगारी बन्द भएकाले यस्तो संख्या नौ हजार ९७७ जनामात्र थियो । यस्तै, २०८०/८१ मा ८१ हजार ३८२ जना पहिलोपटक मलेसिया गएका थिए । मलेसियाको रोजगारी प्रभावित नभएको अवस्थामा दैनिक औसतमा २०० जनाभन्दा बढी नेपाली उक्त मुलुक गएको पाइन्छ । तर पूर्णरूपमा रोजगारी बन्द भएयता हजारौं श्रमिक प्रभावित भएका छन् । सोमबारदेखि कार्यालय सञ्चालनमा आएकाले चाँडै आवश्यक छलफल अघि बढाइने युवा, श्रम तथा रोजगार मन्त्रालय स्रोतले जनाएको छ । बेस्टिनेटको मेमोमा उल्लेख भएअनुसार २६ अक्टोबर (सोमबार)देखि पिआरए प्रणालीमा दर्ता, खाता सक्रिय गर्ने र त्यससम्बन्धी तालिम दिन थालिएको छ । साथै, ४ नोभेम्बरमा २५ संस्था दर्ताका लागि आधिकारिक निमन्त्रणा, लिंक उपलब्ध गराइने, खाता सञ्चालन हुने र ५ नोभेम्बरबाट नयाँ प्रणाली लागू हुने भनिएको छ ।

# करिब २१ लाख बालबालिकालाई भिटामिन 'ए' खुवाइने

**काठमाडौं (प्रस)**– यही कात्तिक १७ र १८ गते सबै क्षेत्रका गरी २१ लाख बालबालिकालाई भिटामिन 'ए' खुवाउने तयारी भइरहेको छ ।

सरकारले आर्थिक वर्ष २०८३/८४ को नियमितरूपमा पहिलो चरणमा कात्तिक २ र ३ गते खुवाउँदै आएको भिटामिन 'ए' कार्यक्रम दसैं परेकोले कात्तिकको १७ र १८ गते खुवाउन तयारी थालिएको हो । स्वास्थ्य सेवा विभागका पोषण शाखा प्रमुख लिलाविक्रम थापाले भिटामिन 'ए' क्याप्सुल छ महिनादेखि ५९ महिनाका बालबालिका तथा जुकाको औषधि एक वर्षदेखि पाँच वर्षसम्मका बालबालिकालाई खुवाइने जानकारी दिए ।

भिटामिन 'ए' करिब २१ लाख बालबालिका र जुकाको औषधि करिब २० लाख बालबालिकालाई खुवाइने भएको छ । भिटामिन 'ए' सबै प्रदेश स्वास्थ्य आपूर्ति केन्द्रमा पठाइसकेको छ ।

सरकारले बालबालिकामा हुनसक्ने स्वास्थ्य जटिलता तथा कुपोषणको जोखिम न्यूनीकरण गर्नका लागि २०५० सालदेखि भिटामिन 'ए' क्याप्सुल र २०५६ सालदेखि जुकाको औषधि नियमित खुवाउन थालेको हो ।

राष्ट्रिय भिटामिन 'ए' कार्यक्रमका लागि ५२ हजार महिला स्वास्थ्य स्वयंसेविका र १० हजार स्वास्थ्यकर्मी खटिने शाखा प्रमुख थापाले बताए ।


**मोटरसाइकल हराएको सूचना**

मिति २०८३/०६/३० गते ललितपुर जिल्ला महालक्ष्मी न. पा. वडा नं ०८,लुभु (मातवटोल) नजिक पार्किङ गरी राखिएको अवस्थामा कालो-रातो रङ्को २२० सीसीको पल्सर मोटरसाइकल अन्दाजी बेलुका ०६:४० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

सवारी धनीको नाम : भोगेन्द्र ब. ल्हायो
बाइक नं.: बा.प्र. ०२-०६४ प ७२३५
च्यासिस नं.: MD2A13EX9TCK80555
इन्जिन नं. : DKXCTK17107
ठेगाना : जि महोत्तरी, बर्दिबास न पा -६
सम्पर्क नं. ९८१४६७५२६३/९७६१७०७९८५

**मोटरसाइकल हराएको सूचना**

मिति २०८३/०७/०२ गते काठमाडौं महानगरपालिका वडा नं १६, मेडिकल चोक नयाँबजार नजिकै घर अगाडि पार्किङ गरी राखिएको अवस्थामा कालो चेरी रातो रङ्को २२० सी. सीको पल्सर मोटरसाइकल अन्दाजी बेलुका ९:०० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

सवारी धनीको नाम : उमेश तामाङ
बाइक नं.: बा. प्र. ०२-०६९ प ६७७०
च्यासिस नं.: MD2AL3EXOTCA 85723
इन्जिन नं. : DKXCTA 43507
कम्पनी : Hulash Auto Cruff
ठेगाना : काभ्रेपलान्चोक पाँचखाल न.पा.वडा नं.८
सम्पर्क नं. ९८६०२६१८२४

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८३/०७/१० गते

यस कम्पनीको मिति २०८३/०५/१५ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **हितकारी कृषि इन्टरप्राइजेज प्रा.लि.**को नाम परिवर्तन गरी **टेरा भल्ट प्रा.लि.(दर्ता नम्बर २६३८८६)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०६/०२ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**हक दावी गर्न आउने बारेको ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०७६/०८/२७ मा दर्ता भएको **हिमाल पहाड तराई किसान फोरेस्टी प्राइभेट लिमिटेड (प्रा.लि. नं. २३०२२७)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार


**कर्मचारी हटाइएको सम्बन्धी सूचना**

यस Diamond International Overseas Pvt.Ltd (ई.प.नं.१८२९/०८२/८३ मा कार्यरत (नागरिकता नं. ०४-०१-७५-६४२०) **रितिका दाहाल** (म्यानेजर) ले आफ्नो व्यक्तिगत काम विशेषका कारण राजीनामा दिनु भएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेनादेना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

श्रम ईजाजत नं. १८२९/०८२/०८३
**Diamond International Overseas Pvt. Ltd.**
Aloknagar Marg, New Baneshwor-31, Kathmandu, Nepal
Phone No.+977-15334814, 9712032744

**साउदीमा रोजगार** कम्पनी : ALKRISTAL ALASWAD ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८३/०७/०९ | LT. No. 349485 | चलानी नं.६०२६२७९९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | VEHICLE CLEANING LABOR | 1 | 0 | 1200 | ४८,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ कात्तिक १७ गते (3rd Nov. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**World King H.R.International Pvt.ltd.**
Dhapasi, Basundhara, Kathmandu, Nepal, Tel. +97701-5925516, 9803672215, 9814089641,9767274204 Email : info@worldkinghrintl.com, www.worldkinghrintl.com
Govt. License 1700/081/82

**कतारमा रोजगार** कम्पनी : INFRANOVA TECHNOLOGY AND CONTRACTING

पूर्व स्वीकृति मिति : २०८३/०६/३० | LT. No. 349377 | चलानी नं. ६०२६२६५४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | A.V. Technician | 3 | 0 | 1100 | ४५,८१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कात्तिक १७ गते (3rd Nov. 2026) मा हुनेछ ।


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**SKY LINE OVERSEAS PVT. LTD.**
Govt. License 1080/073/74
Badri Colony, Sukedhara-9, Kathmandu, Nepal, Tel: 4379385, E-mail: info@skylineoverseas.com.np

**मलेसिया/युएइ/कतारमा रोजगार** कम्पनी : ASAS SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०९/२८ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०७/०९ | LT. No. 336952 | चलानी नं. ६०२५०५४०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 2 | 0 | 1700 | ६३,०४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : Alpha Environment Solutions L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०७/०९ | LT. No. 349537 | चलानी नं. ६०२६२७७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | assistant helpers/ general worker/ ordinary labour | 10 | 0 | 1000 | ४१,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Tanzif Trading & General Cleaning

पूर्व स्वीकृति मिति : २०८३/०७/०९ | LT. No. 349536 | चलानी नं. ६०२६२७७५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BUILDING CLEANER FEMALE | 0 | 2 | 1000 | ४१,६४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | OFFICE CLEANER | 0 | 2 | 1000 | ४१,६४८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कात्तिक १७ गते (3rd Nov. 2026) मा हुनेछ ।

Note: VACANCY for Documentation offficer-1 & Accountant- 1

Interested candiate can contact to J.K OVERSEAS PVT.LTD


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**J.K. OVERSEAS PVT. LTD.**
Sukedhara-4, Kathmandu, Nepal, Tel: +977-4548016, Jiwan Thapa, 9851055504
E-mail: jkoverseasnepal@gmail.com, jkoverseasoffice@gmail.com, Website: jkoverseas.com.np
श्रम ईजाजत नं. १७२०/०८१/०८२


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

मंगलबार, १० कात्तिक, २०८३

| | |
|---|---|
| मेष | रोकिएका काम अघि बढ्नेछन् । परिवारबाट राम्रो सहयोग मिल्नेछ । |
| वृष | साथीभाइबाट सहयोग मिल्नेछ । आर्थिक कारोबारमा सावधानी अपनाउनुहोस् । |
| मिथुन | मेहनतको राम्रो परिणाम प्राप्त हुनेछ । खर्चमा ध्यान दिनुहोला । |
| कर्कट | आत्मविश्वास बढ्नेछ । नयाँ जिम्मेवारी प्राप्त हुन सक्छ । |
| सिंह | काममा सफलता मिल्नेछ । स्वास्थ्य र आराममा ध्यान दिनुहोस् । |
| कन्या | नयाँ सम्पर्कले अवसर ल्याउन सक्छ । आम्दानीका स्रोत बढ्ने संकेत छ । |
| तुला | मनमा उत्साह बढ्नेछ । रोकिएको काम पूरा हुँदा सन्तुष्टि मिल्नेछ । |
| वृश्चिक | कामको दबाब बढ्न सक्छ । धैर्य र संयमले समस्या समाधान हुनेछ । |
| धनु | काममा उत्साह बढ्नेछ । आर्थिक पक्षमा सुधारको संकेत छ । |
| मकर | नयाँ अवसर प्राप्त हुन सक्छ । बोलीमा संयम अपनाउनुहोस् । |
| कुम्भ | महत्वपूर्ण काम पूरा हुने दिन छ । पारिवारिक सम्बन्ध सुमधुर रहनेछ । |
| मीन | नयाँ योजना बनाउन अनुकूल समय छ । यात्राबाट लाभ मिल्न सक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्युट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१० कातिक, २०८३ (२७ अक्टोबर २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ | १५४.४८ | १५५.०८ |
| युरो | १ | १७३.३२ | १७३.९९ |
| पाउन्ड स्टिर्लङ | १ | २०४.५५ | २०५.३५ |
| स्विस फ्रैन्क | १ | १८५.९२ | १८६.६४ |
| अस्ट्रेलियन डलर | १ | १०७.८३ | १०८.२५ |
| क्यानाडियन डलर | १ | १०८.५७ | १०८.९९ |
| सिङगापुर डलर | १ | १२०.६८ | १२१.१५ |
| जापानी येन | १० | ९.७६ | ९.८० |
| चिनियाँ युआन | १ | २३.०८ | २३.१७ |
| साउदी अरब रियाल | १ | ४१.१५ | ४१.३१ |
| कतारी रियाल | १ | ४२.४२ | ४२.५८ |
| थाई भाट | १ | ४.६१ | ४.६२ |
| संयुक्त अरब इमिरेट दिराम | १ | ४२.०६ | ४२.२३ |
| मलेसियन रिङेट | १ | ३७.८२ | ३७.९६ |
| दक्षिण कोरियन वन | १०० | ११.५२ | ११.५६ |
| स्विडिस क्रोनर | १ | १५.५१ | १५.५७ |
| डेनिस क्रोनर | १ | २३.१९ | २३.२८ |
| हङकङ डलर | १ | १९.६९ | १९.७६ |
| कुवेती दिनार | १ | ५०१.३१ | ५०३.२६ |
| बहराइन दिनार | १ | ४०९.११ | ४१०.७० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

## गुल्मीमा स्कार्पियो दुर्घटना

# ६ जनाको मृत्यु, तीन जना घाइते



**गुल्मी–** गुल्मीको कालीगण्डकी गाउँपालिका-२ अर्बेनीको दबौखानीमा स्कार्पियो दुर्घटना हुँदा छ जनाको मृत्यु भएको छ भने तीन जना घाइते भएका छन् ।

सोमबार अपराह्न भएको दुर्घटनामा परी मृत्यु हुनेमा चालक स्याङ्जा वालिङ नगरपालिका-२ का ६७ वर्षीय दिलीपकुमार बगाले, वालिङ नगरपालिका-१० का ६० वर्षीय शिव पराजुली, गुल्मीको कालीगण्डकी गाउँपालिका-१ सिरकोटका ५० वर्षीय लोकनाथ पाण्डे, सोही स्थानकी सीता पाण्डे र कुलानन्द पाण्डे तथा वालिङ नगरपालिका-२ की नीता बगाले रहेको जिल्ला प्रहरी कार्यालय गुल्मीका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक वीरेन्द्रवीर विश्वकर्माले जानकारी दिए ।

मृत्यु हुनेमा पाँच जनाको घटनास्थल र एक जनाको उपचारको क्रममा मृत्यु भएको हो । मृत्यु भएकामध्ये सीता पाण्डे, कुलानन्द पाण्डे र नीता बगालेको उमेर खुल्न नसकेको प्रहरीले जनाएको छ । नीता बगालेको उपचारका क्रममा स्याङ्जाको मिर्मीस्थित कालीगण्डकी सामुदायिक अस्पतालमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा परी घाइते हुनेमा कालीगण्डकी गाउँपालिका-१ सिरकोटका छविलाल पाण्डे, सोही स्थानकी गोमता पाण्डे र स्याङ्जाको वालिङ नगरपालिका-१० का बालकृष्ण सुवेदी रहेको प्रहरीले जनाएको छ । घाइतेमध्ये छविलालको अवस्था गम्भीर रहेको छ भने गोमता र बालकृष्णको अवस्था मध्यम रहेको जनाइएको छ । उनीहरूमध्ये दुई जनाको मिर्मीस्थित कालीगण्डकी सामुदायिक अस्पताल र एक जनाको पाल्पास्थित मिसन अस्पतालमा उपचार भइरहेको बताइएको छ ।

स्याङ्जाको वालिङबाट गुल्मीको कालीगण्डकी गाउँपालिका-१ सिरकोट हुँदै राक्सेतर्फ जाने क्रममा बा ०२२० नम्बरको स्कार्पियो सोमबार अपराह्न ४ बजेको समयमा दुर्घटना भएको हो । जिल्ला प्रहरी कार्यालय गुल्मीका अनुसार कालीगण्डकी गाउँपालिका-२ दबौखानीस्थित भित्री सडकमा दुर्घटना भएको उक्त स्कार्पियो सडकबाट करिब २५० मिटर तल खसेको बताइएको छ ।

घटनाको जानकारी पाएपछि स्थानीवासी एवं प्रहरी चौकी पुर्तिघाट, इलाका प्रहरी कार्यालय रिडी र जिल्ला प्रहरी कार्यालय गुल्मीबाट खटिएको प्रहरी टोलीको सहयोगमा उद्धार गरिएको थियो । दुर्घटनाको कारणबारेमा थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ । दुर्घटनास्थलप्रहरीचौकीपुर्तिघाटबाट करिब छ किलोमिटर दक्षिणमा पर्छ । *रासस*

# बबरमहलको आकाशे पुल यसै हप्तादेखि सञ्चालनमा आउने

**काठमाडौं (प्रस)–** बबरमहलस्थित निर्माणाधीन आकाशे पुल यसै हप्ताभित्र सञ्चालनमा आउने भएको छ। सवारीसाधनको चाप र पैदलयात्रुको बाक्लो आवागमनलाई मध्यनजर गर्दै आकाशे पुल निर्माण गरिएको हो ।

पुल निर्माण भएसँगै पैदलयात्रुले सुरक्षितरूपमा सडक पार गर्न सजिलो हुनुका साथै सडक दुर्घटना न्यूनीकरणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । सडक डिभिजन कार्यालय काठमाडौंका अनुसार पुल निर्माणको भौतिक प्रगति अन्तिम चरणमा पुगेकाले केही दिनभित्रै सर्वसाधारणका लागि खुला गर्ने तयारी भइरहेको छ ।

२०८२ फागुन २१ गते निर्माण सम्झौता भई पुल निर्माण सुरु भएको थियो । पुल यसै हप्ताभित्रै पैदलयात्रुका लागि सञ्चालनमा ल्याउने तयारी गरिएको सडक डिभिजन कार्यालय काठमाडौंका प्रमुख सुबोध देवकोटाले बताए ।

उक्त पुल निर्माणका लागि दुई करोड ५२ लाख ४५ हजार रूपैयाँ लागत निर्धारण गरिएको थियो । पुल निर्माणको जिम्मेवारी हेटौंडास्थित हाइटेक इञ्जिनियरिङ वर्क्स प्रालिले पाएको सडक डिभिजन कार्यालय काठमाडौंले जनाएको छ ।

# डिएनए परीक्षण कीट र एक करोड सरकारलाई हस्तान्तरण

**काठमाडौं (प्रस)–** संयुक्त अधिराज्य बेलायतमा बसोबास गर्दै आएका गैरआवासीय नेपाली संघका पूर्वअध्यक्ष कुल आचार्य र उत्तम नेपालले नेपाल सरकारलाई डिएनए परीक्षण कीट तथा आर्थिक सहयोग हस्तान्तरण गरेका छन् ।

परराष्ट्र मन्त्रालयमा सोमबार आयोजित कार्यक्रममा मन्त्री शिशिर खनालको उपस्थितमा आचार्य र नेपालले डिएनए परीक्षण कीट सरकारलाई हस्तान्तरण गरेका हुन् । सोही अवसरमा नेपालले मन्त्री खनालमार्फत सरकारलाई सहयोग स्वरूप एक करोड रूपैयाँको चेकसमेत हस्तान्तरण गरे ।

आचार्य र नेपालले व्यक्तिगतरूपमा उक्त सहयोग उपलब्ध गराएका हुन् । सहयोगका लागि दुवै जनाप्रति आभार व्यक्त गर्दै मन्त्री खनालले प्राप्त डिएनए परीक्षण कीट र आर्थिक सहयोगले सरकारको उन्नत डिएनए परीक्षण तथा अनुसन्धानसम्बन्धी क्षमता अभिवृद्धिमा महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरे ।


## Sunawarshi Municipality
## Office of The Municiple Executive
Dainiya, Morang
Koshi Province

## Invitation For Bid

**Published date: 2083/07/10 (27th of Oct. 2026)**

1. Sunawarshi municipality, office of the municipal executive, Dainiya, Morang invites bids (Hard Copy) from eligible bidder for the procurement of the following works under national competitive bidding procedures. The name and identification of the contracts are as follows:

| Contract ID | Particular | Estimated amount Nrs (Without Vat and contingency but including PS) | Bid security Amount Nrs | Bid Document Price Nrs |
|---|---|---|---|---|
| SUNMUN/BUILDING/083/84-01 | Saichik Bikashko lagi sewa gunastar avibriddi garnako lagi bidhyakayaheruko khanepani, sauchalaya, parkhal, gherabera nirman garn | *87,73,708.57/-* | 2,20,000.00/- | 3,000 /- |
| SUNMUN/NCB/NEA/083/84-01 | Sunawarshi 6 chisyanko lagi three phase bidhyut line, transformer, generator jadan garne karya | *23,78,949.21/-* | 60,000.00/- | 3,000 /- |
| SUNMUN/ROAD/083/84-08 | Ward no 5 ko naya tole gaidegrama kalopatre | *67,78,895.02/-* | 1,70,000.00/- | 3,000 /- |
| SUNMUN/ROAD/083/84-09 | Gandhi aashram bata kata maharaj Than hudai narabung chowk samma kalopatre | *43,23,072.80 /-* | 1,00,000.00/- | 3,000 /- |

2. Eligible Bidder may obtain further information from sunawarshi municipality, Office of the municipal executive, Dainiya, Morang, Tel- 9852078183 Email: sunawarshimun@gmail.com
3. Eligible Bidder may obtain further information and inspect the bidding Documents by hard copy from office of sunawarshi municipality, Dianiya, Morang and deposit cost of Bidding Document in bank name of the Bank:- Himalayan Bank Ltd, Dainiya, Morang. A/C Name:- **Sunavarshi Ga-1-1 Antarik Rajaswa Khata. A/C No: 26856389230138** & For Bid Security **SUNAVARSHI GA-3 DHARAUTI KOSH KHATA:- A/C No:- 26856389230178), Office Code no.: 80101137, ८०११३४०७३००, Rajaswa (revenue) Shirshak no.: 14229**
4. A complete Set of Bidding Documents May be purchased by hard copy from the Office Of sunawarshi Municipality Dainiya Morang by Eligible Bidders by depositing the cost (non-refundable fee as mention in the 5th column of above table on or Before ***2083/07/30 (16th of Nov. 2026)*** during office hours in the Project's Rajaswa (revenue) account as specified above.
5. Pre-bid meeting shall be held at ***Sunawarshi Municipality, Dainiya Morang*** at ***12:00 noon*** on ***2083/07/20 (6th of Nov. 2026).***
6. Bids must be submitted to the office of the sunawarshi municipality by hand or courier on before 12:00 noon on ***2083/08/01 (17th of Nov. 2026).*** Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00 noon*** on ***2083/08/01 (17th of Nov. 2026).*** at the office of ***Sunawarshi Municipality, Dainiya Morang.*** Bids must be valid for a period of ***90 days*** from the bid submission deadline and must be accompanied by a bid security, amounting to a minimum of ***Nrs. 2,20,000*** which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of purchasing, submission and opening falls on government holiday then next working day shall be considered the last date. In such case the Bid validity and Bid security shall Remain the same as specified for the original last date of Bid submission.
9. The employer reserves the right to accept, or reject, wholly or partly any or all the Bids without assigning reason whatsoever.
10. Any additional matter not recovered by this shall be in accordance with the prevailing public procurement Act 2063, and public procurement Regulation 2064 of GON.

**Chief administrative officer**



## कुवेतमा रोजगार

कम्पनी : ROVAL ERA RESTAURANT & CAFE COMPANY — शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८३/०७/१० — चलानी नं.: ६०२६२७२० — LT. No.: 349676

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 15 | 0 | स. काममा दक्ष | 130 | ६३,३५९ | क.नि. | ८ घण्टा | ६ | क.नि. | छैन | छ | २ |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कात्तिक १७ गते (3 Nov. 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्न होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.**
Gov. Lic No. 1746 /081/82
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com



## युएइमा रोजगार

कम्पनी : AL DAR AL QADIM BUILDING MAINTENANCE
पूर्व स्वीकृति मिति : २०८३/०६/३० — LT. No. 349440 — चलानी नं. ६०२६२६४८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 10 | 0 | 1500 | ६१,८७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | BLDG. ELECTRICIAN | 5 | 0 | 1500 | ६१,८७४ | | | | | | | |
| 3. | BUILDING STEEL FIXER | 10 | 0 | 1500 | ६१,८७४ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कात्तिक १७ गते (3rd Nov. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सुचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**KINETIC H.R.SOLUTION PVT.LTD. (Access Partners Nepal Pvt. Ltd.)**
Gov.Lic.No. : 1101/073/074
Tokha-10, Samakhusi, Kathmandu, Nepal Tel:+977-1-014956899
E-mail : mail@apnepal.com.np, Website : www.apnepal.com.np



## युएइ/कुवेतमा रोजगार

कम्पनी : GLOSS UP BEAUTY LOUNGE L.L.C
पूर्व स्वीकृति मिति : २०८३/०६/३० — LT. No. 349417 — चलानी नं. ६०२६२६८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 0 | 2 | 1500 | ६१,८७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Barber | 0 | 2 | 1500 | ६१,८७४ | | | | | | | |
| 3. | Masseurs | 0 | 1 | 1500 | ६१,८७४ | | | | | | | |
| 4. | Manicurist | 0 | 5 | 1500 | ६१,८७४ | | | | | | | |

कम्पनी : BE HAIR BEAUTY CENTER
पूर्व स्वीकृति मिति : २०८३/०६/३० — LT. No. 349416 — चलानी नं. ६०२६२६७९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Female Messenger Staff | 0 | 1 | 1500 | ६१,८७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Beautician Manicurist/pedicurist | 0 | 1 | 1500 | ६१,८७४ | | | | | | | |
| 3. | Beautician/hairdresser | 0 | 1 | 1500 | ६१,८७४ | | | | | | | |

कम्पनी : AL RAWAB LADIES SALOON L.L.C - S P C
पूर्व स्वीकृति मिति : २०८३/०६/३० — LT. No. 349550 — चलानी नं. ६०२६२६७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician / Manicurist / Nail Technician | 1 | 0 | 1500 | ६१,८७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Beautician/hairdresser | 1 | 0 | 1500 | ६१,८७४ | | | | | | | |

कम्पनी : MONY BEAUTY SALON COMPANY FOR LADIES BEAUTY
पूर्व स्वीकृति मिति : २०८३/०६/३० — LT. No. 349415 — चलानी नं. ६०२६२६७७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manicurist/nail Technician | 0 | 3 | 150 | ७३,१३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Beautician /hairdresser | 0 | 3 | 150 | ७३,१३८ | | | | | | | |
| 3. | Manicure & Pedicure Beautician | 0 | 3 | 150 | ७३,१३८ | | | | | | | |
| 4. | Cleaner I | 0 | 1 | 100 | ४८,७५९ | | | | | | | |

कम्पनी : BINACO SPA INSTITUTE AND SALON FOR LADIES BEAUTY
पूर्व स्वीकृति मिति : २०८३/०६/३० — LT. No. 349552 — चलानी नं. ६०२६२६७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hair Dress/hair Stylist | 0 | 6 | 150 | ७३,१३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Nail Technicial (Manicurist/pedicurist) | 0 | 6 | 150 | ७३,१३८ | | | | | | | |
| 3. | Manicure/pedicure | 0 | 6 | 150 | ७३,१३८ | | | | | | | |
| 4. | Car Driver Light | 2 | 0 | 150 | ७३,१३८ | | | | | | | |
| 5. | Cleaner I | 0 | 4 | 100 | ४८,७५९ | | | | | | | |

कम्पनी : AROUND ME KWAIT LADIES TAILORING COMPANY
पूर्व स्वीकृति मिति : २०८३/०६/३० — LT. No. 349551 — चलानी नं. ६०२६२६७५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sales Lady | 0 | 5 | 150 | ७३,१३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GULF CONFIRMATION COMPANY FOR PUBLIC FACILITIES MANAGEMENT,
पूर्व स्वीकृति मिति : २०८२/०९/०६ — पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/०९ — LT. No. 335595 — चलानी नं. ६०२४९२२७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 50 | 50 | 110 | ५३,६१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक १७ गते (3th Nov. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सुचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



## इको हिमाल बचत तथा ऋण सहकारी संस्था लि. मार्फत राष्ट्रिय सहकारी बैंकको सुरक्षणमा रहेको अचल सम्पती (जग्गा) लिलाम बिक्री गर्ने बारेको ३५ दिने अत्यन्त जरुरी सार्वजनिक सूचना

प्रकाशित मिति : २०८३/०७/१०

राष्ट्रिय सहकारी बैंकको मिति २०८३/०४/१८ च नं १९/०८३/०८४ (कर्जा) को लिलामी गर्ने सहमती पत्र अनुसार यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणीले आफ्नो व्यवसाय सञ्चालन गर्न लगेको कर्जाको यस सहकारीसँग गरेको सम्झौता बमोजिय समय सयममा तिर्नु बुझाउनु पर्ने साँवा व्याज हर्जाना आदि नतिरी सहकारीसँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेकोले सहकारीको सम्पूर्ण लेना रकम चुक्ता गर्न पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता गरेको र सो गर्दा समेत सहकारीको साँवा ब्याज चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी वसेकोले मिति २०८३/०४/२५, मिति २०८३/०५/३० र मिति २०८३/०६/२० गतेका दिन प्रभाव दैनिक पत्रिकामा साँवा ब्याज चुक्ता गर्न आउने बारेको ३५ दिने, १५ दिने र ७ दिने सूचना प्रकाशित गर्दा समेत साँवा ब्याज चुक्ता गर्नेतर्फ कुनै चासो नदेखाई बसेकोले मिति २०८३/०७/१० मा सुरक्षणमा रहेको अचल सम्पती (जग्गा) लिलाम बिक्री गर्ने बारेको ३५ दिने अत्यन्त जरुरी सार्बजनिक सूचना प्रकाशित गरिएको छ ।राष्ट्रिय सहकारी बैंकको सुरक्षणमा रहेको अचल सम्पती (जग्गा) लिलाम बिक्री गर्ने बारेको ३५ दिने अत्यन्त जरुरी सार्बजनिक सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र संस्थालाई बुझाउनु पर्ने सम्पुर्ण साँवा ब्याज र हर्जना रकम बुझाई कर्जा चुक्ता गर्नु होला । उक्त म्याद भित्र पनी साँवा ब्याज र हर्जना समेत चुक्ता नगरेमा यो सुचना प्रकाशित भएको मितिले ३६ औं दिनका दिन राष्ट्रिय सहकारी बैंकको सुरक्षणमा रहेको अचल सम्पती (जग्गा) लिलाम बिक्री गर्ने कुनै किसिमको कानुनी झै झमेला नभएको तपशिल बमोजिमको जग्गा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा यस सहकारीको कर्जा नीति र प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरिने छ ।

**तपशिल**

| ऋणीको नाम, थर र ठेगाना तथा तीन पुस्ते विवरण | व्यक्तिगत जमानत दिनेको नाम तथा ठेगाना |
|---|---|
| कर्जाको शिर्षक : **ब्यबसायीक कर्जा**<br>नाम : **विजय विक्रम शाह**<br>बाबु : देवेन्द्र बहादुर शाह<br>बाजे : पहलमान शाह<br>ठेगाना : का.म.न.पा.-०७, पशुपती मार्ग, चाहविल<br>ना.प्र.नं : ६९-०१-७१-०००४३<br>मिति : २०७१/०१/०३ अछाम  | नाम : **पृथ्वी बहादुर शाह**<br>बाबु : देवेन्द्र बहादुर शाह<br>बाजे : पहलमान शाह<br>ठेगाना : का.म.न.पा. -७  |

**धितो सुरक्षण विवरणः** काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ७ स्थित विजय विक्रम शाहको नाममा रहेको कित्ता नं. २३२ को क्षे.फ १९०.७४ ब. मि भएको सम्पूर्ण जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत ।

**लिलाम बिक्रीका सर्तहरु**

१) लिलाममा अन्तिम पटक सबै भन्दा बढि बोल कबोल गर्ने ब्यक्तिले आफुले बोलेको अंकको १० प्रतिशतले हुने रकम नगदै वा गुड फर पेमेन्ट चेक मार्फत धरौटी वापत सोही दिन यस संस्थामा बुझाउनु पर्ने छ ।
२) लिलाम सकार गर्ने ब्यक्तिले सहकारीबाट लिलाम निश्चितताको सुचना पाएको ७ दिन भित्र बाँकी रकम बुझाई अचल सम्पति बुझी नलिएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वत जफत हुने छ ।
३) लिलाम सकार गर्ने ब्यक्तिले सकार गरेको मुल्यको १० प्रतिशत रकम उसै दिन नबुझाएमा निज पछि सबै भन्दा बढी रकम बोल्ने ब्यक्तिको नाममा लिलाम सकार गरिने छ ।
४) तोकिएको लिलामको दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुल्ने दिन लिलाम बढाबढ हुने छ ।
५) डाँक बढाबढ गर्दा सबैभन्दा बढी अंक बोल्ने ब्यक्तिलाई अचल सम्पति दिने वा नदिने सम्पुर्ण अधिकार सहकारीमा सुरक्षित हुने छ ।
६) लिलाम बिक्रि हुने अचल सम्पति (जग्गा) को सम्बन्धित कागजातहरु हेर्न चाहनुहुने महानुभावहरुले यस सहकारीमा कार्यालय समयभित्र सर्म्पक राख्न सक्नु हुने छ ।
७) काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं १६, बालाजु चोक स्थित यस सहकारीको कार्यालयमा मिति २०८३/०८/१५ गते बिहान १० बजेदेखि ४ बजे सम्म उपरोक्त अचल सम्पतिको लिलामको डाँक बढाबढ हुनेछ ।
८) सहकारी ऐन, नियमावली तथा यस संस्थाको कर्जा नीति अनुसार लिलाम बिक्रि गनुपर्ने जायजेथा लिलाम बिक्रि गर्दा कसैले नसकारेमा सहकारीले उक्त सम्पतिको स्वामित्व आफुमा लिन सक्ने छ ।
९) लिलाम बिक्रि गर्दा लागेको सम्पुर्ण खर्च ऋणी स्वयमले नै ब्यर्होनु पर्ने छ ।

**इको हिमाल बचत तथा ऋण सहकारी संस्था लि**
काठमाण्डौं- बालाजु १६, फोन नं. ४९६५३०३/४९६३७७१
Email: eco.himal25@yahoo.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# धानबाली जोगाउने चुनौती

यतिबेला हिन्दूहरूको महान् पर्व दसैंको उमंगसँगै देशका अधिकांश भूभागमा पाकेको धानबाली भित्र्याउने चटारो छ । वर्षभरिको श्रम र अन्नको भण्डार भित्र्याउने यो सुनौलो समयमा मौसममा आएको अचानकको फेरबदलले कृषकहरूको मुहारमा चिन्ताको रेखाहरू कोरेको छ। बंगालको खाडीमा विकसित भएको 'अर्नब' चक्रवातको प्रभावस्वरूप नेपालमा बिहीबारदेखि शनिबारसम्म भारी वर्षा, हावाहुरी, चटचाङ तथा उच्च पहाडी र हिमाली क्षेत्रमा भारी हिमपात र हिमपहिरोको पूर्वानुमान गरिएको छ । मौसम विज्ञान विभागले जारी गरेको यो विशेष बुलेटिनले सम्पूर्ण देशको कृषि र जनजीवनलाई गम्भीर संकेत गरेको छ ।

विशेषगरी कोशी, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका धेरै स्थानमा मध्यमदेखि भारी वर्षाको सम्भावना रहेको पूर्वानुमान गरिएको छ भने हुम्ला, मुगु, डोल्पा, मनाङ, मुस्ताङ, रसुवा, सिन्धुपाल्चोक, दोलखा, सोलुखुम्बुलगायतका हिमाली तथा उच्च पहाडी जिल्लाहरूमा 'रेड अलर्ट' जारी गरिएको छ । यसले पाकेको धान खेतमै डुब्ने, कुहिने र बगाउने जोखिम उच्च बनाएको छ। अन्नदाता किसानहरूका लागि यो प्राकृतिक प्रकोप बज्रपातसरह बन्न सक्छ । मौसमविद्हरूको सुझावलाई शिरोधार्य गर्दै वर्षा सुरु हुनुअघि नै धान काटिसक्ने र सुरक्षित स्थानमा भित्र्याउने कार्यलाई प्राथमिकता दिनु अपरिहार्य देखिन्छ। यद्यपि, छोटो समयमा यो काम सबैतिर सम्भव नहुन सक्छ, जसले ठूलो परिमाणमा कृषि क्षति हुने आशंका बढाएको छ ।

मौसमको यो प्रतिकूल प्रणालीले कृषिकर्म मात्र होइन, समग्र दैनिक जनजीवन, यातायात तथा हवाई सेवालाई समेत प्रभावित पार्ने निश्चित छ। सडक मार्गहरूमा पहिरोको जोखिम बढेको छ भने चिसो ह्वात्तै बढ्ने सम्भावना छ । यस्तो संवेदनशील अवस्थामा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण व्यवस्थापन प्राधिकरणले आवश्यक परेमा सवारी आवागमन बन्द गर्ने र पूर्वसूचनाका आधारमा जोखिमयुक्त बस्तीका मानिसहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने घोषणा गर्नु सकारात्मक कदम हो । विपद्पश्चात् उद्धार गर्नुभन्दा विपद्पूर्व नै सचेत हुनु बुद्धिमानी हो ।

तसर्थ, तीन तहका सरकार, स्थानीय प्रशासन, सुरक्षा निकाय र स्वयंसेवकहरू कागजी निर्देशनमा सीमित नभई फिल्डमै खटिएर जनताको जीउधनको रक्षाका लागि तत्पर हुनुपर्छ । मौसमको पूर्वानुमानलाई गम्भीरतापूर्वक लिएर जोखिम क्षेत्रका बासिन्दाहरूले अनावश्यक यात्रा नगरौं र पूर्वतयारी अपनाऔं । राज्यले धानबालीमा हुन सक्ने क्षतिको आँकलन गरी कृषकहरूका लागि आगामी दिनमा राहत तथा पुनरुत्थानका कार्यक्रमहरू ल्याउनुपर्छ। प्रकृतिको यो प्रहारसँग जुध्न सामूहिक सतर्कता, आपसी सहयोग र दृढ पूर्वतयारी नै हाम्रो एकमात्र विकल्प हो ।

## श्रम सरोकार

# साउदी अरेबियामा रहेका नेपालीहरूले अपनाउनुपर्ने सावधानी

### अज्ञात फोन कल वा मेसेजबाट सचेत रहने

कुनै प्रकारको प्रलोभन देखाइ, चिट्ठा परेको भनी वा बैंक तथा सरकारी कार्यालयको कर्मचारी हो भनी कसैले तपाईंको ओटिपीलगायतका व्यक्तिगत विवरण मागेमा नदिने ।

### मोबाइल सेवा खरिद गर्दा सावधानी अपनाउने

खुला पसलहरू वा अनधिकृत डिलरहरूबाट सिमकार्ड नकिन्ने । मोबाइल सिम कार्ड, इन्टरनेट सेवा, वा किस्ताबन्दी योजनाहरू खरिद गर्दा सम्झौताका सर्तहरू ध्यानपूर्वक अध्ययन गर्ने । सेवा प्रदायक वा एजेन्टहरूसँग माथि उल्लिखित विषयमा सम्झौता गर्दा आफ्नो जानकारीको दुरूपयोग नहुने कुरा सुनिश्चित गर्ने ।

आफ्नो व्यक्तिगत जानकारी र कागजातहरू सुरक्षित राख्ने

आफ्नो इकामा, राहदानी, बैंक विवरण वा अन्य व्यक्तिगत कागजातहरू अनावश्यकरूपमा कसैलाई नदिने । यदि कोही कसैले तपाईंको इकामा मागेमा मागिएको विवरणहरू किन आवश्यक छ भनी पहिले राम्रोसँग बुझ्नुहोस् । तपाईंको कम्पनी वा अन्य कुनै निकाय वा व्यक्तिले कुनै कागजमा तपाईंलाई हस्ताक्षर गर्न भनेमा त्यसमा लेखिएको व्यहोरा बुझेर उचित लागेमा मात्र हस्ताक्षर गर्नुहोस् ।

### अब्शेर खाताको जानकारी सुरक्षित राख्ने

आफ्नो अब्शेर खाताको विवरण, पासवर्ड, वा ओटिपी कसैलाई पनि नदिने । अपरिचित व्यक्तिलाई तपाईंको अबशेर खाता खोल्न, अपडेट गर्न, वा परिवर्तन गर्न सहयोग नमाग्नुहोस् । कसैले सहयोग गर्छु भने पनि त्यस्तो व्यक्तिको सहयोग नलिने । आफ्नो मोबाइल फोन कसैलाई पनि नदिने । प्रायोजक (स्पोन्सर), एचआर कर्मचारी, वा अन्य जो सुकै भए पनि आफ्नो फोनको प्रयोग गर्न अरुलाई नदिने । उनीहरूले तपाईंको जानकारी दुरूपयोग गर्न वा ठगीका लागि प्रयोग गर्न सक्छन् ।

### अनलाइन किनमेल वा वितीय कारोबार गर्दा सावधानी अपनाउने

आधिकारिक वेबसाइटहरू वा एप्सबाट मात्र बिलको रकम तिर्ने । आफ्नो डेबिट/क्रेडिट कार्डको विवरण वा अन्य संवेदनशील जानकारी अनधिकृत वा शंकास्पद वेबसाइटहरूमा नबाँड्ने ।

# मुखमा राम राम, बगलीमा छुरा !

## विष्णुपुराण: कुर्सी, कमिसन र कालोकोठरी



■ बैकुण्ठ भण्डारी

> राजनीतिमा सबैभन्दा छिटो घुम्ने चिज कुर्सी होइन, समय हो । समयले कहिल्यै कसैलाई स्थायी छुट दिएको छैन । आजकाल जनताको मनमा एउटा प्रश्न बढ्दै गएको छ । ३० हजार तलब खाने मानिसको ३० वटा घर कसरी भयो ? सरकारी सेवामा जीवन बिताएको मान्छेको सम्पत्ति अर्बौं कसरी भयो ? कुन जादूको छडीले बैंक ब्यालेन्स बढ्यो ? कुन मन्त्रले जग्गा बढ्यो ? कुन तपस्याले कम्पनी बढे ?

नेपालको राजनीतिमा एउटा अनौठो रोग छ । यो रोगको नाम हो- कुर्सी लाग्ने रोग । यो रोग लागेपछि मान्छेले आफू को हो, कहाँबाट आयो, किन राजनीतिमा छिर्‍यो, जनताले किन जिताए, सबै कुरा बिर्सिन्छ । उसलाई एउटामात्र कुरा याद रहन्छ- कुर्सी ।

कहिलेकाहीँ लाग्छ, नेपालमा राजनीतिक दलहरू छैनन्, कुर्सी संरक्षण समिति छन् । चुनाव आउँदा जनताको ढोका ढकढक्याउने, हात जोड्ने, आँखा रसाउने, विकासका सपनाहरू बेच्ने । अनि चुनाव जितेपछि पाँच वर्षसम्म जनतालाई नै नचिन्ने ।

हाम्रो कथाका पात्रको नाम राखौं- विष्णु । यो कुनै एक व्यक्तिको कथा होइन । यो सत्ता देखेपछि आफूलाई राजा सम्झने सबै विष्णुहरूको कथा हो ।

एक समय थियो, जब विष्णु गाउँको चौतारीमा बसेर देश बदल्ने भाषण गर्थे । भ्रष्टाचार अन्त्य गर्छु भन्थे । गरिबको पक्षमा उभिन्छु भन्थे । देशको ढुकुटीलाई आफ्नै सम्पत्ति सम्झनेहरूलाई जेल हाल्छु भन्थे ।

तर राजनीति भनेको नेपालको मौसमजस्तै रहेछ । बिहान घाम लाग्छ, बेलुका असिना पर्छ ।

विष्णु मन्त्री बने ।

मन्त्री बनेपछि उनलाई पुराना साथीहरू चिन्न गाह्रो भयो । गाउँका मानिस भेट्न आए भने सचिवले भन्थे, 'मन्त्रीज्यू व्यस्त हुनुहुन्छ ।'

जनताले सोचे, देश बनाउने काममा व्यस्त होलान् ।

तर मन्त्रीज्यू देशभन्दा बढी आफ्ना वरिपरिका व्यापारी, ठेकेदार र कमिसन एजेन्टसँग व्यस्त रहेछन् ।

नेपालमा सडक बन्नुअघि कमिसन बन्छ भन्ने कुरा कसैले त्यसै भनेको होइन । यहाँ पुलको डिजाइन बन्नुअघि प्रतिशतको हिसाब बन्छ । विद्यालयको भवन उठ्नुअघि दलालको बैंक ब्यालेन्स उठ्छ ।

विष्णुहरूको संसार नै फरक हुन्छ ।

जनता एक किलो चामलको मूल्य हेरेर पसिना पुछिरहेका हुन्छन् । उनीहरू भने कुन ठेक्कामा कति प्रतिशत आउने हो भनेर क्याल्कुलेटर चलाइरहेका हुन्छन् ।

जनताको घरमा ग्यास सकिन्छ । उनीहरूको घरमा नोट गन्ने मेसिन थपिन्छ । जनताको छोरा विदेसिन्छ । उनीहरूको छोरा विदेशबाट कम्पनी किन्छ । जनता बैंकको ऋण तिर्न नसकेर रातभर निदाउन सक्दैनन् । उनीहरू बैंकमा कति वटा खाता खोल्ने भन्ने तनावमा हुन्छन् ।

प्रजातन्त्र आयो । जनताले सोचे- अब देश बन्छ । तर केही नेताहरूले सोचे- अब अवसर आयो । देशको ढुकुटीलाई कसैले राष्ट्रिय सम्पत्ति देखे, कसैले व्यक्तिगत अवसर । जनताले लोकतन्त्रलाई सेवा ठाने । कतिपय नेताले लोकतन्त्रलाई व्यापार ठाने । त्यसपछि सुरु भयो महान् व्यापार ।




कुनै परियोजनामा कमिसन । कुनै नियुक्तिमा कमिसन । कुनै खरिदमा कमिसन । कुनै निर्णयमा कमिसन । मानौं सिंहदरबार होइन, विशाल कमिसन बजार हो । जहाँ नीति पनि बिक्री हुन्छ । निष्ठा पनि बिक्री हुन्छ । र, कहिलेकाहीँ त राष्ट्रवाद पनि बिक्री हुन्छ ।

यस्ता विष्णुहरूलाई एउटा भ्रम हुन्छ । उनीहरू सोच्छन्- सत्ता सधैं आफ्नै हातमा रहन्छ । कानुन उनीहरूका लागि बनेको होइन । अख्तियार अरूका लागि हो । अनुसन्धान अरूका लागि हो । जेल अरूका लागि हो । उनीहरूका लागि त सरकारी गाडी, सुरक्षा घेरा र रातोबत्तीमात्र हो । तर इतिहासको एउटा खराब बानी छ । उसले धेरै समयसम्म कसैलाई बचाउँदैन ।

हिजो अरू पक्राउ पर्दा ताली बजाउनेहरू आज आफैं अदालतको ढोकामा देखिन सक्छन् । हिजो अरूलाई दोषी देख्नेहरू आज आफैं स्पष्टीकरण दिइरहेका हुन सक्छन् ।

राजनीतिमा सबैभन्दा छिटो घुम्ने चिज कुर्सी होइन, समय हो । समयले कहिल्यै कसैलाई स्थायी छुट दिएको छैन । आजकाल जनताको मनमा एउटा प्रश्न बढ्दै गएको छ । ३० हजार तलब खाने मानिसको ३० वटा घर कसरी भयो ? सरकारी सेवामा जीवन बिताएको मान्छेको सम्पत्ति अर्बौं कसरी भयो ? कुन जादूको छडीले बैंक ब्यालेन्स बढ्यो ? कुन मन्त्रले जग्गा बढ्यो ? कुन तपस्याले कम्पनी बढे ?

जनताले प्रश्न गर्न थालेका छन् । र, प्रश्न लोकतन्त्रको सबैभन्दा ठूलो हतियार हो । जब जनता प्रश्न गर्न थाल्छन्, तब ठूला-ठूला महलका झ्यालहरू हल्लिन थाल्छन् । कतिपय नेताहरू अझै पनि जनताको स्मरणशक्ति कमजोर छ भन्ने भ्रममा छन् । तर सामाजिक सञ्जालको युगमा जनताको स्मरणशक्ति पहिलेभन्दा बलियो भएको छ ।

पुरानो भाषण भेटिन्छ । पुरानो वाचा भेटिन्छ । पुरानो भिडियो भेटिन्छ । पुरानो विरोधाभास भेटिन्छ । र, जनता तुलना गर्न थाल्छन् । हिजोको घोषणापत्र । आजको व्यवहार । हिजोको आदर्श । आजको सम्पत्ति । हिजोको त्याग । आजको विलासिता ।

त्यसपछि व्यंग्य जन्मिन्छ । व्यंग्य भनेको जनताको मौन रिस हो । जब मानिस धेरै निराश हुन्छ, ऊ कराउन छोड्छ । हाँस्न थाल्छ । र, त्यो हाँसो नै सबैभन्दा खतरनाक हुन्छ । आज देशमा धेरै मानिस यही हाँसो हाँसिरहेका छन् । उनीहरू भन्छन्- देश गरिब भयो, नेता धनी भए । जनता दुब्लाए, सत्ता मोटायो । ढुकुटी रित्तियो, बंगला भरियो ।

व्यंग्यको अर्को रमाइलो पक्ष के छ भने यसले कुनै एक व्यक्तिलाई मात्र लक्ष्य गर्दैन । यसले सम्पूर्ण प्रवृत्तिलाई नांगो बनाउँछ ।

नेपाललाई समस्या कुनै एक विष्णु होइन । समस्या विष्णुत्व हो । सत्ता पाएपछि बदलिने बानी । जनताको मतलाई लगानी ठान्ने सोच । राजनीतिलाई सेवाबाट व्यापारमा बदल्ने संस्कार । यही संस्कारले देशलाई पछाडि धकेलिरहेको छ ।

आज एउटा नाम चर्चामा आउला । भोलि अर्को आउला । पर्सी अर्को । नाम फेरिन्छन् । प्रवृत्ति उस्तै रहन्छ । त्यसैले समाधान व्यक्तिमा होइन, प्रणालीमा खोज्नुपर्छ । कानुन सबैका लागि बराबर हुनुपर्छ । ठूलालाई छुट र सानालाई सजाय हुने व्यवस्था अन्त्य हुनुपर्छ । अनुसन्धान पार्टी हेरेर होइन, प्रमाण हेरेर हुनुपर्छ । कारबाही अनुहार हेरेर होइन, तथ्य हेरेर हुनुपर्छ ।




जनताको अपेक्षा यही हो । कसैलाई झुक्याएर देश बन्दैन । कसैलाई डर देखाएर देश बन्दैन । देश बन्ने हो भने उत्तरदायित्व चाहिन्छ । पारदर्शिता चाहिन्छ । इमान चाहिन्छ । र, सबैभन्दा बढी चाहिन्छ- कानुनको शासन ।

कतिपय मानिसहरू अझै पनि सोचिरहेका छन्, 'हामीलाई केही हुँदैन ।' तर इतिहासले सधैं एउटै कुरा सिकाएको छ । कसैलाई केही नहुने दिन धेरै लामो हुँदैन । कुनै न कुनै दिन हिसाब खुल्छ । कुनै न कुनै दिन प्रश्न उठ्छ । कुनै न कुनै दिन जवाफ दिनुपर्छ । जनताले चाहेको पनि त्यही हो । प्रतिशोध होइन । पारदर्शिता । आक्रोश होइन, न्याय । हल्ला होइन, सत्य ।

यदि देश साँच्चै हाँसेको हेर्न चाहने हो भने सडकमा धूलो खाने जनतालाई होइन, देशको सम्पत्तिलाई निजी सम्पत्ति बनाउने प्रवृत्तिलाई कठघरामा उभ्याउनुपर्छ । देश गरिब बनाएर आफू धनी हुने खेल बन्द हुनुपर्छ । राजनीति व्यापार होइन भन्ने प्रमाणित हुनुपर्छ । र, त्यो दिन आयो भने जनताले कुनै नेता होइन, न्यायलाई सलाम गर्ने छन् ।

त्यो दिन सायद नेपालले पहिलोपटक महसुस गर्ने छ- लोकतन्त्र केवल चुनाव जित्ने साधन होइन, जनताको विश्वास जोगाउने जिम्मेवारी पनि हो ।

नेपालको राजनीति पनि अचम्मको खेल हो । यहाँ कुर्सीमा बस्दा धेरै मानिसको आवाज बदलिन्छ, चाल बदलिन्छ र कहिलेकाहीँ त पुराना कुरा सम्झने क्षमता पनि हराएजस्तो देखिन्छ । हिजो जनताको दु:ख, गरिबी र भ्रष्टाचारविरुद्ध ठूलो आवाज उठाउनेहरू नै भोलि शक्तिको केन्द्रमा पुगेपछि त्यही जनताको प्रश्नबाट भाग्न खोज्छन् भन्ने गुनासो जनतामाझ छ ।

अहिले फेरि राजनीतिक वृत्तमा सम्पत्ति, शक्ति र जवाफदेहिताको विषय चर्चामा आएको छ । शक्तिशाली पदमा बसेका व्यक्तिहरूमाथि छानबिन हुनु लोकतन्त्रको एउटा सामान्य प्रक्रिया हो । तर जनताको पीडा भने पुरानै छ- 'ठूलो पदमा पुगेपछि केही मानिसको जीवनशैली यति छिटो कसरी बदलिन्छ ?' यही प्रश्नले समाजलाई बारम्बार झस्काइरहेको छ ।

मटचाङग्रो भन्छ- बैरी, कुर्सी भनेको यस्तो चस्मा रहेछ, जसले बस्ने मान्छेलाई आफ्नै गल्ती देख्न दिँदैन रहेछ । सत्ता पाएपछि कतिपय मानिसले जनतालाई सम्झनेभन्दा आफ्नो वरिपरि घुम्नेहरूको भीड बढाउने गरेको आरोप लाग्ने गरेको छ । चुनावको बेला जनता सबैभन्दा प्रिय हुन्छन्, तर चुनावपछि जनताको आवाज धेरै टाढाको जस्तो बन्न पुग्छ ।

राजनीति वास्तवमा सेवा हो । तर जब राजनीति सेवा होइन, कमाइको बाटो बन्न थाल्छ, तब लोकतन्त्र कमजोर हुन्छ । जनताले नेताहरू धनी भएकोमा आपत्ति जनाउँदैनन्, तर उनीहरू सोध्छन्- 'यो सम्पत्तिको स्रोत के हो ?' यो प्रश्न सोध्नु नागरिकको अधिकार हो ।

वर्षौंदेखि नेपाली जनताले एउटा कुरा देख्दै आएका छन्- देश विकासको कुरा धेरै भयो, तर विकासको बाटोमा भ्रष्टाचार, कमिसन र बिचौलियाको छायाँ पनि देखियो । ठेक्का, बजेट र निर्णय प्रक्रियामा पारदर्शिता नभएपछि केही सीमित समूह लाभान्वित हुने र सर्वसाधारणले त्यसको भार बोक्ने अवस्था आउँछ ।

मटचाङ्ग्रो फेरि व्यंग्य गर्छ- 'देशको ढुकुटी भनेको कसैको निजी तिजोरी होइन, जहाँ मन लाग्यो त्यहाँबाट निकालेर आफ्नो घर सजाउने ।'

राज्यको सम्पत्ति जनताको पसिनाबाट बनेको हुन्छ। त्यसको दुरूपयोग गर्ने जोसुकै भए पनि कानुनी प्रक्रियाबाट जवाफदेही हुनुपर्छ । तर समस्या के छ भने नेपालमा धेरैपटक भ्रष्टाचारको बहस व्यक्ति केन्द्रित हुन्छ । एउटा नाम आउँछ, केही दिन चर्चा हुन्छ, अनि फेरि अर्को विषयले पुरानो कुरा छोपिन्छ । असली आवश्यकता भनेको व्यक्ति परिवर्तन होइन, प्रणाली परिवर्तन हो ।

हिजो कसैलाई कारबाही भयो भनेर खुसी हुने र आज अर्कोमाथि प्रश्न उठ्यो भनेर बदला लिने मानसिकता पनि ठीक होइन । लोकतन्त्रमा कानुनको बाटो नै अन्तिम बाटो हो । दोषी भए कारबाही हुनुपर्छ, निर्दोष भए न्याय पाउनुपर्छ । आज नयाँ पुस्ताले पनि पुरानो राजनीतिक संस्कारमाथि प्रश्न उठाइरहेको छ । सहरका सडकदेखि सामाजिक सञ्जालसम्म एउटा आवाज छ- अब भाषण होइन, परिणाम चाहियो । सामान्य आम्दानीबाट सुरु गरेको व्यक्तिको जीवनमा अचानक देखिने ठूलो परिवर्तनको स्रोत खोजिनुपर्छ भन्ने माग बढिरहेको छ ।

तर नयाँ नेतृत्वप्रति पनि अर्को चुनौती छ । लोकप्रियता बढ्दै जाँदा वरिपरि अवसर खोज्ने मानिसहरू जम्मा हुन्छन् । कसैले नाम बेचेर फाइदा उठाउन खोज्छ, कसैले पहुँचको व्यापार गर्न खोज्छ । देश बनाउने अभियानमा लागेकाहरूले आफ्नो वरिपरिको घेरा पनि सफा राख्नुपर्छ ।

मटचाङ्ग्रो भन्छ- 'नेता राम्रो भएर मात्र पुग्दैन, नेताको वरिपरि बस्नेहरू पनि राम्रो हुनुपर्छ । नत्र एउटा राम्रो नामलाई पनि केही स्वार्थीहरूले व्यापार बनाइदिन्छन् ।'

देश बनाउन खोज्ने हो भने सबैका लागि एउटै नियम हुनुपर्छ । आफ्नो मान्छे भए बचाउने र अर्को भए दोषी देखाउने प्रवृत्ति अन्त्य हुनुपर्छ । भ्रष्टाचारको विरुद्धको अभियान निष्पक्ष हुनुपर्छ ।

जनताले खोजेको कुरा ठूलो भाषण होइन, जवाफदेहिता हो । उनीहरू चाहन्छन्- सार्वजनिक पदमा बस्नेले आफ्नो सम्पत्तिको स्रोत स्पष्ट पारोस्, निर्णय प्रक्रिया पारदर्शी होस् र राज्यको पैसा जनताको हितमा खर्च होस् ।

देश हाँस्ने दिन त्यतिबेला आउँछ, जब राजनीति व्यापार होइन जिम्मेवारी बन्छ । जब कुर्सी अवसर होइन सेवा गर्ने ठाउँ बन्छ । जब नेता आफ्नो शक्ति देखाउने होइन, जनताको विश्वास जोगाउने काम गर्छ ।

मटचाङ्ग्रोको अन्तिम भनाइ यही छ- 'देशलाई कमजोर बनाएर आफू बलियो बन्न खोज्ने प्रवृत्तिलाई जनताले सधैं सम्झिरहन्छन् । कुर्सी केही समयको हुन्छ, तर कर्मको हिसाब इतिहासले राख्छ ।' र, बैरी थप्छ- 'देश बदल्ने सपना सडकको नारालेमात्र होइन, निष्पक्ष कानुन, इमानदार नेतृत्व र सचेत नागरिकले पूरा गर्छ ।'



**दुना टपरी उत्पादन** | दाङको घोराही उपमहानगरपालिका–१५ स्थित पल्लव ग्रुप दुना टपरी उद्योगमा मेसिनमार्फत दुना टपरी उत्पादन गर्दै स्थानीय अम्बिका घर्ती । *तस्बिर: रासस*

### कर्णालीवासीको दसैं

# 'टाढिएका आफन्तसँग भेट्नुको मज्जा अर्कै हुँदोरहेछ'

**कर्णाली–** यस पटकको दसैंमा कर्णालीवासीले आनन्दको अनुभूति गरेका छन् । देश-विदेशबाट दसैं मनाउन घर फर्केका उनीहरूको यात्रा कष्टकर त बन्यो, यद्यपि गन्तव्य पुग्दासम्म कुनै पीडादायक घटना व्यहोर्न परेन । मौसम अनुकूल नै बन्यो । प्राकृतिक तथा मानवीय विपत्तिको सामना गर्नुपर्ने अवस्था आएन ।

दसैं तथा तिहारका लागि घर फर्केका यात्रुहरूका लागि कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतले निर्माण गरेको 'चाडपर्व लक्षित सुरक्षा योजना, २०८३' को प्रभावकारी कार्यान्वयन गऱ्यो । सो योजना असोज २५ देखि कात्तिक ३० गतेसम्मको अवधिमा लागू गर्ने गरी कार्यान्वयनमा ल्याइएको कर्णाली प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक जयराज सापकोटाले जानकारी दिए ।

सुरक्षा चुनौती र सम्भावित जोखिमलाई दृष्टिगत गर्दै आमनागरिकको जनजीवनलाई सुरक्षित तथा भयमुक्त तुल्याउने उद्देश्यले निर्मित 'चाडपर्व लक्षित सुरक्षा योजना, २०८३' प्रदेश प्रहरी मातहतका १० वटै जिल्लामा कार्यान्वयनमा आएको प्रहरी नायब महानिरीक्षक सापकोटाले बताए । उनका अनुसार कर्णाली प्रदेशका सबै जिल्लाको सुरक्षा व्यवस्थालाई भरपर्दो, विश्वसनीय तथा सुदृढ बनाउन पाँच हजार ३१४ प्रहरी परिचालन गरिएको छ ।

सीमित जनशक्ति र स्रोतसाधनका बाबजुद नेपाल प्रहरी अहोरात्र खटिएको बताउँदै उनले जुवातास र सामान्य सवारी दुर्घटनाजस्ता छिटपुट घटना घटे पनि जनधनको ठूलो क्षति हुने खालका कुनै दुर्घटना नभएको जनाए । सुरक्षा योजनाको प्रभावकारी कार्यान्वयन र प्रहरी परिचालनको उचित व्यवस्थापनले अप्रिय घटना हुन नसकेको प्रहरी नायब महानिरीक्षक सापकोटाको भनाइ छ ।

तिला गाउँपालिका-५ जुम्लाका रणबहादुर रावतले दसैं पर्व सुरक्षितसँग मनाइएको बताए । उनले भने, 'विगतभन्दा यस वर्षको कर्णालीवासीको दसैं शान्त र सुरक्षित बन्यो । कहीँकतै छिटपुट घटना घटे पनि त्यस्ता दुःखद र डरलाग्दा घटनाहरू सुन्नु परेन । अकल्पनीय र अत्यास लाग्दा दुर्घटना भोग्न परेन । बरु १० वर्षसम्म पनि भेट हुन नसकेका आफन्तहरूसँग यो वर्ष मिलन हुने अवसर जुट्यो । यो नै हाम्रा लागि धेरै खुसीको कुरा हो ।'

त्यस्तै, भैरवी गाउँपालिका-३ दैलेख निवासी दुर्गा गौतम सापकोटाले यस वर्षको दसैं आफन्तहरूसँगको मिलनले आनन्दमय तरिकाले मनाइएको बताइन् । 'आफ्नै कला, संस्कृति र वेशभूषामा सजिएर परिवार तथा आफन्तबीच सुख, दुःख साटासाट गर्ने अवसर जुट्यो,' उनले भनिन्, 'वर्षौंदेखि टाढिएका आफन्तसँग भेट्नुको मज्जा अर्कै हुँदोरहेछ । यो दसैंको अवधिभर कर्णालीमा कहीँकतै नराम्रा घटना घटेको सुनिएन । यो जस्तो सुखद् कुरा अरू के हुन सक्छ ।'

दसैंसहित दीपावलीमा पनि सुरक्षा योजना कार्यान्वयन गर्न गराउन कर्णाली प्रदेश प्रहरी कार्यालयले मातहतका प्रहरी कार्यालय पनि गरी जम्मा एक हजार ४६२ ड्युटीमा पाँच हजार ३१४ प्रहरी खटाउनाका साथै मोबाइल गस्ती २८, मोटरसाइकल गस्ती ९८, द्रुत प्रतिकार्य टोली ६०, पैदल गस्ती १४८, लामो तथा छोटो दूरीका गस्ती २०४ वटा रहेका छन् परिचालन गरेको छ । *रासस*

# उत्तरगयाका बाढीप्रभावितलाई 'होल्डिङ सेन्टर'मै पुगेर नागरिकताको प्रतिलिपि

**रसुवा–** नुवाकोटमा अस्थायीरूपमा बसोबास गर्दै आएका रसुवाको उत्तरगया गाउँपालिकाका बाढीप्रभावितलाई 'होल्डिङ सेन्टर'बाटै नागरिकताको प्रतिलिपि उपलब्ध गराउने प्रक्रिया सुरु भएको छ ।

गत भदौ १० गते भोटेकोशी नदीमा गएको भीषण बाढीबाट प्रभावित उत्तरगयाका गाउँपालिकाका जनतालाई होल्डिङ सेन्टरमै पुगेर आवेदन माग गरी नागरिकताको प्रतिलिपि दिने प्रक्रिया सुरु भएको प्रमुख जिल्ला अधिकारी कमलप्रसाद पाण्डेले जानकारी दिए ।

उनका अनुसार बाढीका कारण नागरिकतालगायत महत्त्वपूर्ण काजगात नष्ट भएका बाढीप्रभावितको राहत, पुनःस्थापना तथा अन्य अत्यावश्यक प्रशासनिक काममा ढिलाइ नहोस् भनी अस्थायी बसोबासस्थलमै पुगेर नागरिकताको प्रतिलिपि दिने प्रक्रिया सुरु भएको हो ।

यसै सन्दर्भमा नुवाकोटस्थित पिपलटार होल्डिङ सेन्टरमा बसोबास गर्दै आएका उत्तरगया-१ का २०२ जना बाढी प्रभावितले नागरिकताको प्रतिलिपिका लागि दिएको आवेदन फाराम संकलन गरी यही आइतबार सदरमुकाम धुन्चे ल्याएको प्रजिअ पाण्डेले बताए ।



स्थलगतरूपमा संकलन गरिएका आवेदन फारामको अध्ययन तथा प्रमाणीकरण गरी निकालिने प्रतिलिपि होल्डिङ सेन्टरमै पुगेर हस्तान्तरण गरिने प्रमुख जिल्ला अधिकारी पाण्डेले स्पष्ट पारे ।

जिल्ला प्रशासन कार्यालय रसुवाको आयोजना र उत्तरगया गाउँपालिकाको विशेष पहलमा यो सेवा सुरु गरिएको गाउँपालिका प्रमुख माधव अर्यालले जानकारी दिए । प्रमुख अर्यालका अनुसार पहिलो चरणमा नागरिकताको प्रतिलिपि वितरणलाई तीव्रता दिइएको छ भने अन्य आवश्यक प्रशासनिक सेवाहरू पनि क्रमशः उपलब्ध गराउँदै लगिने छ । *रासस*

# कालीगण्डकी बाढीले दोबा जोड्ने सडक पुल जोखिममा

**म्याग्दी–** दोबावासी जोखिमपूर्ण यात्रा गर्न बाध्य भएका छन् । म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ र १ को सिमानामा पर्ने दोबावासी आवतजावत गर्ने भीरकाटेपुल कालीगण्डकी नदीले क्षति पुऱ्याएपछि स्थानीयवासी कष्टपूर्ण यात्रा गर्न विवस भएका हुन् ।



बेनी-जोमसोम-कोरला सडकको भीरकाटे हुँदै दोबा गाउँलाई यातायात सञ्चालमा जोड्न निर्माण भएको पुल जोखिममा परेको छ । पुलको भीरकाटेतर्फको पहुँचमार्ग नदी कटानले भत्काएपछि सवारीसाधन आवतजावतमा जोखिम बढेको अन्नपूर्ण गाउँपालिकाकी उपाध्यक्ष दिवाकुमारी तिलिजा पुनले बताइन् ।

करिब दुई दशकअघि बेनी-जोमसोम सडकको मार्ग खोल्ने क्रममा दोबावासीले कालीगण्डकी नदीमा पुल निर्माण गर्न माग गरेपछि पुल निर्माण गरिएको थियो । सडक विभाग अन्तर्गतको बेलिब्रिज भएकाले यसको मर्मतसम्भार स्थानीय तहभन्दा सडक विभागले नै गर्नुपर्ने उपाध्यक्ष पुनले बताइन् । पुलमा भएको क्षतिबारे गाउँपालिकाले जिल्ला विपद् व्यवस्थापन समितिलाई जानकारी गराएको बताइन् ।

हाल बेलिब्रिज एकतर्फी सञ्चालन भइरहेको छ । नदी कटान नरोकिए जुनसुकै बेला पहुँचमार्ग पूर्णरूपमा भत्किन सक्ने जोखिम रहेको स्थानीयवासी अमृत पुनले बताए । दोबा जोड्ने एकमात्र बेलिब्रिज भएकाले सम्बन्धित निकायले तत्काल मर्मतसम्भार गर्नुपर्ने उनको भनाइ छ । दोबामा करिब ३०० घर परिवारको बसोबास छ । *रासस*


**साउदीमा रोजगार** — कम्पनी : METLUCK CONSTRUCTION AL ARABIA CO. LTD.

पूर्व स्वीकृति मिति : २०८३/०६/३० | LT. No. 349447 | चलानी नं. ६०२६२६८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 5 | 0 | 1200 | ४८,५३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कात्तिक १७ गते (3rd Nov. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1136/073/074

**DEEP JYOTI MANPOWER SERVICE PVT LTD.**
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4590678, 4592910,
Contact No.9801797200, 9808046424 E-mail : deepjyotimanpower1136@gmail.com, Web: deepjyotimanpower.com.np

**युएइमा रोजगार** — कम्पनी : NAWAFIDH AL NOOR GLASS & ALUMINUM INSTALLATION & MAINTENANCE L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०७/०९ | LT. No. 349478 | चलानी नं. ६०२६२७६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Aluminium Fitter Helper | 20 | 0 | 1500 | ६१,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक १७ गते (3rd Nov. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १८२९/०८२/०८३

**Diamond International Overseas Pvt. Ltd.**
Aloknagar Marg, New Baneshwor-31, Kathmandu, Nepal
Phone No.+977-15334814, 9712032744

**कतारमा रोजगार** — कम्पनी : Insulation Engineering Company - INECO WLL

पूर्व स्वीकृति मिति : २०८३/०५/०५ | LT. No. 346869 | चलानी नं. ६०२६००६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plaster Technician | 75 | 0 | 1300 | ५४,१४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

प्रि- अन्तर्वार्ता धमाधम भइरहेको छ । Pre-Interviews are going on.
फाइनल अन्तर्वार्ता हुने स्थान / मिति : (Final Interview Venu / Date)
नाइल इन्टरनेशनल टेक्निकल ट्रेनिङ सेन्टर, सिनामंगल-९, काठमाडौंमा मिति: २०८३ कार्तिक १७ र १८ गते (3rd & 4th Nov. 2026) मा हुनेछ ।
(Out of KTM) सेन्टर क्यापिटल ट्रेनिङ सेन्टर, बी.पी चोक, इटहरी-९, सुनसरी मा मिति: २०८३ कार्तिक १९ र २० गते (5th & 6th Nov. 2026)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Nile International Manpower Agency Pvt. Ltd.**
Sinamangal, Kathmandu, Nepal Tel : +977-1-4599491, 4578036, Umakanta Bhatta (Bishnu) : 9803179587
Email : info@nileintlmanpower.com, Website: www.nileintlmanpower.com
श्रम इजाजत नं. ८२०/०६६/०६७

**मलेसियामा रोजगार** — कम्पनी : Z STAR CONCEPT SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/१२/१५ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०७/०९ | LT. No. 340239 | चलानी नं. ६०२५३६९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 100 | 0 | 1700 | ६३,०४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : CHOK YON MIN RECYCLE SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०१/०४ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०७/०९ | LT. No. 340684 | चलानी नं. ६०२५४०९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 20 | 0 | 1700 | ६३,०४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ कात्तिक १७ गते (3rd Nov. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SWIFT H.R. SOLUTION PVT. LTD.**
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com



**सुनवर्षी नगरपालिका**

## नगर कार्यपालिकाको कार्यालय

**डाईनियाँ, मोरङ**
**कोशी प्रदेश, नेपाल**

### आ.व. २०८३/०८४ को लागि नदिजन्य पदार्थ (भरौट) उत्खनन् संकलन तथा बिक्री कर उठाउने सम्बन्धी (बढाबढ) सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**दोस्रो पटक प्रकाशन मितिः २०८३/०७/१०**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को (घ) को (६) र दफा ६२ (क), कोशी प्रदेशको आर्थिक ऐन २०८३, को दफा (७) को उपदफा (१) र (७), सुनवर्षी नगरपलिकाको आर्थिक ऐन २)८घ, स्वीकृत IEE प्रतिवेदन तथा प्रचलित कानूनको अधिनमा रही सुनवर्षी नगरपलिका, मोरङ्गको क्षेत्राधिकार भित्र पर्ने सुनवर्षी नगरपाललकाको वडा नं. २, ३ र ७ भएर बग्ने बक्राहा खोलाको स्वीकृत घाट र नाकाहरूबाट निर्धारित मापदण्डबमोजिम नदीजन्य पदार्थ उत्खनन तथा संलन गरी स्विकृत दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले कानुनी प्रक्रिया पूरा गरेका योग्य फर्म/कम्पनीहरूले सिलबन्दी दरभाउपत्र खरिद गरि दोस्रो पटक प्रकाशित सूचनाको मितिले ७ दिनभित्र हार्ड कपि मार्फत यस कार्यालयमा पेश गर्नहुन सार्वजनिक सूचना आह्वान गरिन्छ । अन्य थप जानकारीका लागि कार्यालयको वेबसाईट www.sunawarshimun.gov.np मार्फत अध्ययन गर्न सकिनेछ ।

**तपसिलः**

| सि. नं. | ठेक्का नं. | सिलबन्दी दरभाउपत्रको नाम | भरौट उत्खनन् परिमाण (घ. मि.) | न्यूनतम सिलबन्दी दरभाउपत्र रकम रु. (मु.अ.कर बाहेक) | धरौटी रकम | सिलबन्दी दरभाउपत्र फारम शुल्क रु. |
|---|---|---|---|---|---|---|
| १. | SUNMUN/SQ/RIVER/083/084-01 | Internal Revenue Collection of Extraction, Collection and Sales of River Bed Materials of Bakhraha River at Sunawarshi Municipality ward no 2,3 | १४००० (बावनाडोभ उत्खनन् क्षेत्र) | १९,७६,१०२.९१/- | कबोल अंकको ५% (मु.अ. कर बाहेक) | १,०००/- |
| २. | SUNMUN/SQ/RIVER/083/084-02 | Internal Revenue Collection of Extraction, Collection and Sales of River Bed Materials of Bakhraha River at Sunawarshi Municipality ward no 7 | १०००० (चैता मल्दैया घाट उत्खनन् क्षेत्र) | १४,११,५०२.०८/- | कबोल अंकको ५% (मु.अ. कर बाहेक) | १,०००/- |

**शर्तहरूः**

- सिलबन्दी दरभाउपत्रदाताले यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन (मिति २०८३/०७/१६ गते) सम्म १७:०० बजेभित्र यस न.पा.को खाता नं (Sunavarshi Ga-1-1 Antarik Rajaswa Khata. A/C No: 26856389230138) मा रू. १०००/- (फर्ता नहुने गरि) जम्मा गरेको सक्कलै भौचर निवेदन साथ पेश गरि यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।
- कबोल गरेको अंक (मु.अ.कर समेत) को ५ प्रतिशतका दरले हुन आउने धरौटी रकम हिमालयन बैंकमा रहेको यस न. पा. को धरौटी खाता नं (SUNAVARSHI GA-3 DHARAUTI KOSH KHATA:- A/C No: (26856389230178) मा जम्मा गरी सो को सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंबाट इजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा सिलबन्दी दरभाउपत्र नं. र नाम उल्लेख गरी सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम म्याद देखि ७५ (पचहत्तर) दिनको म्याद सहित जारी गरिएको बिड सेक्युरिटिबण्ड पेश गर्नुपर्नेछ।
- सिलबन्दी दरभाउपत्रदाताले यस न.पा. बाट सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातहरु खरिद गरी पेश गर्ने सम्पूर्ण कागजातहरु प्रत्येक पानामा सहीछाप तथा प्रमाणित गरी सूचना प्रकाशन भएको मितिले ८औं (मिति २०८३/०७/१७ गते) दिनको १२:०० बजे सम्ममा यस कार्यालयमा पेशगर्नु पर्नेछ । सोही दिनको २:०० बजे प्रतिनिधिहरूको रोहवरमा यस कार्यालयमा खोलिनेछ ।

**प्रमुख प्रशासकिय अधिकृत**

# प्रभाव दैनिक





## कात्तिक १३ देखि तीनदिने काठमाडौं फिल्म फेस्टिभल हुँदै

काठमाडौं महानगरपालिकाले यही कात्तिक १३, १४ र १५ गते फिल्म फेस्टिभल आयोजना गर्ने भएको छ । कात्तिक १३ गते वसन्तपुरमा सम्पदा यात्राबाट शुभारम्भ हुने सो फेस्टिभलअन्तर्गत राष्ट्रिय सभागृह, नेपाल पर्यटन बोर्ड, जय नेपाल सिनेमा घर र तारागाउँमा विभिन्न कार्यक्रम आयोजना हुनेछ । फिल्म प्रदर्शन साझेदारीका रूपमा जय नेपाल सिनेमा, सवारीसाधन तथा यातायातका लागि अग्नि ग्रुप र इनड्राइभ, अन्तर्राष्ट्रिय चलचित्र क्षेत्रसँगको सम्बन्धका लागि काठमाडौंस्थित अमेरिकी र अष्ट्रेलियन दूतावास, युनेस्को, अलाइन्स फ्रेन्चिजसँग सहकार्य भएको महानगरपालिकाले जनाएको छ ।





मंगलबार, १० कात्तिक २०८३ (Tuesday, 27 October 2026)


# चलचित्र विकास बोर्डलाई साझा संस्था बनाऔं: सञ्चारमन्त्री

■ प्रभाव संवाददाता

**काठमाडौं–** सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले चलचित्र विकास बोर्डलाई सबै चलचित्रकर्मीको साझा संस्था बनाउँदै चलचित्र क्षेत्रको विकासका लागि ठोस काम गर्न आग्रह गरेका छन् ।

बोर्डका नवनियुक्त अध्यक्ष मनिष पण्डितलाई सोमबार मन्त्रालयलमा नियुक्तिपत्र हस्तान्तरणका अवसरमा उनले चलचित्रकर्मीहरूले बोर्ड सबैको साझा हुन सकेन भन्ने गुनासो रहेको उल्लेख गर्दै चलचित्रकर्मीहरूले वर्तमान सरकारबाट ठूलो अपेक्षा राखेको बताए ।



'चलचित्र सरकारले बनाउने होइन, सरकारले चलचित्र बनाउनको लागि एकदमै ठूलो भूमिका खेल्ने पनि होइन', मन्त्री डा. तिमिल्सिनाले भने, 'सरकारले सही वातावरण दिने, सही नीति दिने र प्रोत्साहन गर्ने हो । बोर्डले सरकार र चलचित्रकर्मीहरूको बीचमा रहेर चलचित्र क्षेत्रको विकासका लागि ठोस रूपमा काम गर्नुपर्छ ।'

उनले बोर्ड एउटा निश्चित वर्गको अथवा एउटा निश्चित दायरामा पर्ने मान्छेहरूको लागि मात्रै हो भन्ने बुझाईबाट बाहिर ल्याएर सम्पूर्ण चलचित्रकर्मीहरूको बोर्ड हो भन्ने बनाउनुपर्नेमा जोड दिए ।

'जब त्यो अपनत्व स्थापित हुन्छ, काम गर्न पनि सहज हुन्छ र चलचित्र क्षेत्रबाटै तपाईंलाई प्राप्त हुने सहयोगमा पनि बढोत्तरी हुन्छ', उनले भने । मन्त्री डा. तिमिल्सिनाले चलचित्र क्षेत्र अवसर र चुनौतीको विषय भएको बताउँदै पहिलो चरणमा जोगिएर, जोगाएर र संस्थाभित्र उत्तरदायित्व कायम गरेर आजको दिनसम्म त्यहाँ उठेका प्रश्नहरू भोलिका दिनमा नउठ्ने गरी काम गर्न र अनुशासन कायम गर्न आग्रह गरे ।

मन्त्री डा. तिमिल्सिनाले चलचित्र क्षेत्रको विकासका लागि बजेट र आर्थिक सहयोगसँगै नीतिगत सुधार तथा कार्यान्वयनमा देखिएका साना-साना कमजोरीसमेत हटाउन आवश्यक रहेको उल्लेख गरे । 'पैसा मात्रै सबै कुरा होइन, सरकारले नीति र वातावरणमा काम गर्नुपर्छ', उनले भने, 'चलचित्र क्षेत्रको विकासमा योगदान पुऱ्याउने ठोस काम बोर्डबाट हुने अपेक्षा सरकारले गरेको छ ।' उनले नवनियुक्त अध्यक्ष पण्डितका लागि वास्तविक परीक्षा अब सुरु भएको उल्लेख गर्दै उनको कार्यकाल बोर्डको इतिहासमा उदाहरणीय बन्ने गरी काम गर्न शुभकामना दिए । विगतमा बोर्डले लिन नसकेको बाटो पहिल्याउँदै व्यापक परामर्श र संवादका माध्यमबाट अघि बढ्न सके चलचित्र क्षेत्रले प्रभावकारी उपलब्धि हासिल गर्न सक्ने उनको भनाइ थियो ।

उक्त अवसरमा मन्त्रालयका सहसचिव एवं बोर्डको अध्यक्ष सिफारिस समितिका सदस्य रविलाल शर्माले छनोट प्रक्रियाका बारेमा अवगत गराएका थिए । उनले बोर्डको अध्यक्षका लागि जम्मा १२ आवेदक परेको बताउँदै त्यसमध्येबाट विभिन्न चरण हुँदै प्रस्तुतीकरण र अन्तर्वार्तापछि उत्कृष्ट तीन जनाको नाम मन्त्रालयसमक्ष सिफारिस गरिएको बताए । उक्त तीन जनामध्येबाट नेपाल सरकार, मन्त्रिपरिषद्को गत असोज ३० गतेको निर्णयबाट पण्डितलाई अध्यक्षमा मनोनयन गरिएको हो ।

## रंगशाला

### एनपिएल क्रिकेट

# सुदूरपश्चिम रोयल्समाथि लुम्बिनी लायन्सको शानदार जित

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री बालेन्द्र शाहले नेपाल प्रिमियर लिग (एनपिएल) को उद्घाटन गरेका छन् । पहिलो दिनको खेलमा लुम्बिनी लायन्सले सुदूरपश्चिम रोयल्सलाई हराउँदै प्रतियोगितामा सुखद् सुरुआत गरेको छ ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा भएको खेलमा लुम्बिनी लायन्सले सुदूरपश्चिम रोयल्समाथि सात विकेटको जित निकालेको हो । सुदुरपश्चिमले जितको लागि दिएको ८८ रनको सामान्य लक्ष्य पच्छ्याएको साविक विजता लुम्बिनीले ९ दशमलव ५ ओभरमा ३ विकेट गुमाएर पूरा गऱ्यो ।




लुम्बिनीको जितमा ओपनर डार्सी सर्टले सर्वाधिक ४० रन बनाए । उनले १८ बलमा ४ चौका र ३ छक्का प्रहार गर्दै ४० रन जोडेका हुन । त्यसैगरी आसिफ शेखले ३२ जोडे । निरोशन डिक्वेलाले ७ रन बनाए भने शमिम हुसेन एक तथा कप्तान रोहित पौडेल ५ रनमा अविजित रहे ।

बलिङतर्फ सुदूरपश्चिमका अनिल खरेलले दुई विकेट लिँदा कप्तान दीपेन्द्रसिंह ऐरीले एक विकेट झारे ।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको सुदूरपश्चिमले १७ दशमलव २ ओभरमा सबै विकेट गुमाउदै ८७ रन मात्र बनाएको थियो । सुदुरपश्चिमको लागि कप्तान दीपेन्द्रसिंह ऐरिले सर्वाधिक २७ रन जोडे । त्यसैगरी सैफ जैबले १३ रन जोड्दा अनिल खरेल १५ रनमा अविजित रहे । त्यसबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । विनोद भण्डारीले ९ रन बनाउँदा इसान पाण्डेले ७ रन बनाए । बलिङतर्फ लुम्बिनी लायन्सका किशोर महतोले सर्वाधिक चार विकेट लिए । त्यस्तै शेर मल्लले तीन विकेट लिँदा साड्ली भान शाल्कविक, रोहित पौडेल र तिलक भण्डारीले समान एक-एक विकेट लिए ।

आगामी मङ्सिर ५ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको उद्घाटन प्रधानमन्त्री बालेन्द्र शाहले गरेका थिए । उक्त प्रतियोगिताको खेल हेर्न शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलसहित उच्च अधिकारीको उपस्थिति थियो ।

आज (मंगलबार) दुई खेल हुनेछ । मध्यान्न १२:३० मा हुने पहिलो खेलमा विराटनगर किंग्स र चितवन राइनोज आमने सामने हुनेछन् भने अपराह्न ४:३० बजे हुने दोस्रो खेलमा कर्णाली याक्स र जनकपुर बोट्ल्सविच प्रतिस्पर्धा हुनेछ ।

# नेपालगञ्जमा तेस्रो अन्तर्राष्ट्रिय स्वीमिङ च्याम्पियनसिप हुँदै

**नेपालगञ्ज (प्रस)–** नेपालगञ्ज स्वीमिङ क्लबको आयोजनामा आगामी आइतबारदेखि 'तेस्रो नेपालगञ्ज अन्तर्राष्ट्रिय स्विमिङ च्याम्पियनसिप' हुने भएको छ ।

यही कात्तिक १४ र १५ गते नेपालगञ्ज रंगशालामा सञ्चालन हुने उक्त प्रतियोगितामा भारतबाट ५० जना र देशभरिबाट करिब एक सय ५० जना खेलाडीबीच विभिन्न समूहमा प्रतिस्पर्धा हुने आयोजकले जनाएको छ । नेपालगञ्ज स्वीमिङ क्लबका अध्यक्ष केशव न्यौपानेले पत्रकार सम्मेलनमार्फत स्वीमिङ खेलको विकास र विस्तार गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको बताए ।

'स्वीमिङ स्वास्थ्य, सुरक्षा र जीवनशैलीसँग जोडिएको महत्त्वपूर्ण खेल हो', उनले भने, 'यसलाई जीवन उपयोगी सीपका रूपमा विकास गर्न र खेलाडीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्ने अवसर प्रदान गर्न प्रतियोगिता आयोजना गरिएको हो ।'

आयोजक संस्था लुम्बिनी प्रदेशकै पहिलो स्वीमिङ क्लब भएको जानकारी दिँदै अध्यक्ष न्यौपानले यहाँका स्वीमिङ खेलप्रेमी, उद्योगी, व्यवसायीलगायत नागरिक समाजको अगुवाइ र पहलमा क्लब स्थापना गरिएको बताए ।

क्लबले स्थापना कालदेखि नै नियमित रूपमा राष्ट्रियस्तरका स्वीमिङ प्रतियोगिता आयोजना गर्दै आएको छ । क्लबका वरिष्ठ उपाध्यक्ष सूर्यमणि अधिकारीले प्रतियोगिताले स्वीमिङ खेलको विकास तथा खेलाडीको क्षमता अभिवृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरे ।

प्रतियोगितामा आठ वर्षदेखि १७ वर्षसम्मका बालबालिका तथा १७ वर्ष उमेर समूह माथिका खेलाडीबीच प्रतिस्पर्धा हुनेछ । प्रतियोगितामा छ विधामा विभिन्न उमेर समूहमा गरी ८० वटा प्रतिस्पर्धा हुने आयोजक क्लबले जनाएको छ । प्रतियोगितामा करिब रु ३५ लाख खर्च लाग्ने अनुमान गरिएको अध्यक्ष न्यौपानेले जानकारी दिए । प्रतियोगितालाई सफल तुल्याउन स्थानीय आदर्श, बागेश्वरी एकेडेमी, किड्स किंगडम नेपालगञ्ज र शिखा एकेडेमीलगायतले सहयोग गर्ने प्रतिबद्धता जनाएको आयोजकले जनाएको छ ।

# विजेतालाई अलैंची

**ताप्लेजुङ (प्रस)–** फुटबल प्रतियोगिताका विजेता तथा उपविजेता टोलीलाई नगदको सट्टा अलैंची पुरस्कार प्रदान गरिने भएको छ ।

मिक्वाखोला गाउँपालिकाले आगामी मङ्सिर २ देखि ६ गतेसम्म आयोजना गर्न गइरहेको फुटबल प्रतियोगिताका विजेता तथा उपविजेता टोलीलाई नगदको सट्टा अलैंची पुरस्कार दिन लागेको हो ।

फङ्फङ्देन झरना पर्यटन तथा सांस्कृतिक मेलालाई सफल बनाउने उद्देश्यले आयोजना हुन गइरहेको उक्त प्रतियोगितामा अलैंचीलाई प्रवर्द्धन गर्ने नगदको सट्टा अलैंची दिने व्यवस्था गरेको हो ।

फङ्फङ्देन झरना पर्यटन विकास समितिको आयोजनामा हुने मेलामा पुरुष फुटबल प्रतियोगिता, नृत्य प्रतियोगिता, च्याब्रुङ प्रतियोगितालगायत विविध सांस्कृतिक कार्यक्रम सञ्चालन गरिनेछ ।

सोमबार सदरमुकाम फुङ्लिङमा आयोजित पत्रकार सम्मेलनमार्फत उक्त विषयमा जानकारी गराइएको हो । समितिका अध्यक्ष विजयप्रकाश साँवा लिम्बूका अनुसार मेलाको मुख्य आकर्षण पुरुष फुटबल प्रतियोगिता रहनेछ । प्रतियोगितामा घरेलु टोलीसहित पाँचथर, झापा र सुनसरीलगायत जिल्लाका आठ टोली सहभागी हुनेछन् ।

फुटबल प्रतियोगिताको विजेता टोलीले ट्रफी, मेडल र प्रमाणपत्रसँगै रु तीन लाख दुई हजार ८३ बराबरको अलैंची पुरस्कार प्राप्त गर्नेछ ।


**युएइमा रोजगार** — कम्पनी : BAB AL NASEEHA ELECTROMECHANICAL WORKS

पूर्व स्वीकृति मिति : २०८३/०७/०९ — LT. No. 349682 — चलानी नं. ६०२६२७२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 4 | 0 | 1200 | ४९,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Office Cleaner | 3 | 0 | 1200 | ४९,५०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कात्तिक १७ गते (3rd Nov. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Euro Tech Consultancy Pvt. Ltd.**
Samakhusi, Ktm, Nepal, Tel: +977-1-4357822, Mob No. 9851021264 (Narayan Khadka), 9851084492, 9860568683, 9829113270, 9855059472, 9823176502, 9706899162
श्रम इजाजत नं. ५६७/०६२/०६३

**मलेसियामा रोजगार** — कम्पनी : LEE KWEE FOH SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०९/१६ — पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/०९ — LT. No. 336442 — चलानी नं. ६०२४९८९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plantation Worker | 1 | 0 | 1700 | ६३,३१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कात्तिक १७ गते (3rd Nov. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1618/079/80
**MANPOWER AGENCY NEPAL PVT.LTD.**
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 014493648, Mobile: 9851068111

**साउदीमा रोजगार** — कम्पनी : MASAKEN ALRAWAHIL COMPANY COMMERCIAL

पूर्व स्वीकृति मिति : २०८३/०७/०९ — LT. No. 349620 — चलानी नं. ६०२६२७४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 4 | 0 | 1200 | ४८,५४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक १७ गते (3rd Nov. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Overseas Employment (P.) Ltd.**
Bhimsengola, Baneshwor-31, Kathmandu, Nepal Tel:+977-1-4110069, E-mail: overseas4employment@gmail.com
श्रम इजाजत नं. १२०८/०७३/०७४

**मलेसियामा रोजगार** — कम्पनी : PROTECTION SERVICES SDN BHD — शहर : JALAN Y

पूर्व स्वीकृति मिति : २०८३/०७/०९ — LT. No. 349714 — चलानी नं. ६०२६२७७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 20 | 0 | 1700 | ६३,३१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कात्तिक १७ गते (3rd Nov. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1573/079/080
**SHREESHA INTERNATIONAL PVT.LTD.**
Koteshwor-32, Kathmandu, Nepal Tel: 01-5918931, 5918932 Mobile No : 9802352700
Email: info@shreeshainternational.com, www.shreeshainternational.com
For Location

**मलेसियामा रोजगार** — कम्पनी : PK GLOBAL SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०७/०९ — LT. No. 349649 — चलानी नं. ६०२६२७९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SECURITY GUARD | 150 | 0 | 1700 | ६३,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक १७ देखि १९ सम्म गते (3rd to 5th Nov. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Elite Gurkhas Overseas Pvt. Ltd.**
Gongabu Townplanning-26 Kathmandu, Nepal, Tel.: +977-1-4975567, 4975568,
E-mail: proelitegurkhas@gmail.com, Web: www.elitegurkhasoverseas.com
श्रम इजाजत नं.५३५/०६१/०६२

**ओमनमा रोजगार** — कम्पनी : SUHOOL MAJAN GLOBAL LOGISTIC SPC

पूर्व स्वीकृति मिति : २०८३/०७/०९ — LT. No.349782 — चलानी नं. ६०२६२७७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 1 | 0 | 160 | ६३,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक १७ गते (3rd Nov. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**DREAMLAND MANAGEMENT PVT.LTD.**
Tokha-5, Dhapasi, Kathmandu, Nepal +977-1-4965939, 4982814,
+977-1-4984392, Harish Sinjali : 9702025933, dreamlandmgmt776@gmail.com www.dreamlandmgmt.com
Govt. License 776/065/066

**साउदीमा रोजगार** — कम्पनी : FILORA TERRACE CAFE

पूर्व स्वीकृति मिति : २०८३/०६/१९ — LT. No. 349029 — चलानी नं. ६०२६२७४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 4 | 0 | 1200 | ४८,५४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक १७ गते (3rd Nov. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ११९४/०७३/०७४
**POWER EMPLOYMENT PVT.LTD.**
Gausala-9, Kathmandu, Nepal, Tel.: 01-4583830, 4588308,
Padam Prasad Bhetwal 984-3210286, E-mail: poweremployment.np@gmail.com

**कतारमा रोजगार** — कम्पनी : QUEENSTOWN TRADING CLEANING AND SERVICES

पूर्व स्वीकृति मिति : २०८३/०७/०९ — LT. No. 349736 — चलानी नं.६०२६२७५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Machine Operator | 1 | 0 | 1900 | ७९,१३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Office Cleaner | 0 | 2 | 1100 | ४५,८१३ | | | | | | | |
| 3 | Receptionist (Female) | 0 | 1 | 2500 | १,०४,१२२ | | | | | | | |
| 4 | PURCHASE REPRESENTATIVE | 1 | 4 | 3000 | १,२४,९४६ | | | | | | | |
| 5 | Sales Executive | 2 | 0 | 3000 | १,२४,९४६ | | | | | | | |
| 6 | Representative | 0 | 2 | 2500 | १,०४,१२२ | | | | | | | |

कम्पनी : AL FARID TRADING W.L.L

पूर्व स्वीकृति मिति : २०८३/०७/०९ — LT. No.349767 — चलानी नं.६०२६२७५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Watch Technician (Salesman) | 1 | 0 | 2500 | १,०४,१२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Office Cleaner | 7 | 2 | 1100 | ४५,८१३ | | | | | | | |
| 3 | Cleaners (Public Areas) | 4 | 0 | 1100 | ४५,८१३ | | | | | | | |
| 4 | Hotel Cleaner | 7 | 0 | 1200 | ४९,९७८ | | | | | | | |
| 5 | Service Agents | 3 | 0 | 1500 | ६२,४७३ | | | | | | | |
| 6 | SALES EXCUTIVE | 3 | 0 | 2500 | १,०४,१२२ | | | | | | | |
| 7 | HAND PACKER | 1 | 0 | 1500 | ६२,४७३ | | | | | | | |
| 8 | SUPERVISOR / GENERAL | 2 | 0 | 2500 | १,०४,१२२ | | | | | | | |
| 9 | Representative | 10 | 0 | 2500 | १,०४,१२२ | | | | | | | |
| 10 | Ore Packing and Packaging Worker | 5 | 0 | 1200 | ४९,९७८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक १७ गते (3rd Nov. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १३०२/०७४/०७५
**Lucky Human Resource Pvt.Ltd.**
Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np



क्यानडाको टोरन्टोमा आयोजित 'क्याट्रिनास फेस्टिभल क्यानडा २०२६' मा परम्परागत मेक्सिकन लोकनृत्य प्रस्तुत गर्दै कलाकार । *तस्बिरः सिन्हवा*

# ब्राजिलमा लुला चौथो कार्यकालका लागि राष्ट्रपति निर्वाचित

**ब्रासिलिया–** ब्राजिलका वामपन्थी राष्ट्रपति लुइज इनासिओ लुला दा सिल्भा ५१.८ प्रतिशत मतसहित चौथो कार्यकालका लागि निर्वाचित भएका छन् । उनका प्रतिद्वन्द्वी फ्लेभियो बोल्सोनारोले ४८.२ प्रतिशत मत प्राप्त गरेका छन् । तर, उनले हार स्वीकार नगरी निर्वाचनको परिणाम रद्द गर्न माग गर्ने बताएका छन् ।



लुलाको विजयले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको समर्थनमा अर्जेन्टिना, चिली, कोलम्बिया र पेरुलगायत देशमा देखिएको रूढीवादी राजनीतिक लहरलाई चुनौती दिएको छ । फ्लेभियो पूर्वराष्ट्रपति जायर बोल्सोनारोका छोरा हुन् । जायर सन् २०२२ को निर्वाचनमा लुलासँग पराजित भएपछि विद्रोहको प्रयास गरेको आरोपमा २७ वर्षको जेल सजाय भोगिरहेका छन् ।

आइतबार मतदानको समय दुई घण्टा थप्ने सर्वोच्च अदालतको निर्णयले विवाद उत्पन्न गरेको थियो । नागरिकलाई मतदान गर्नबाट रोकिएको भन्दै बस सेवा सञ्चालनमा अवरोध भएको लुलाको गुनासोपछि समय थपिएको थियो । भारी वर्षाका कारण केही क्षेत्रमा समय थप्न फ्लेभियोले पनि आग्रह गरेका थिए । तर, उनले अदालतको निर्णयलाई 'अस्वीकार्य' भन्दै निर्वाचन रद्द गर्न माग गर्ने बताए ।

सन् १९८९ यता पहिलो चरणमा पराजित उम्मेदवारले दोस्रो चरणमा जित हासिल गर्न नसकेको इतिहास यसपटक लुलाले बदलेका छन् । पहिलो चरणमा मतदान नगर्ने मतदाताको अनुपात २१ प्रतिशतबाट घटेर १९ प्रतिशतमा झरेको थियो । विजयपछि रियो दि जेनेरियो र साओ पाउलोमा समर्थकहरूले आतसबाजी गर्दै उत्सव मनाएका थिए ।

निर्वाचन अभियानमा सामाजिक सञ्जालको भूमिकालाई लिएर पनि विवाद भएको थियो । लुलाको अभियानले फेसबुक, इन्स्टाग्राम र ह्वाट्सएपको मूल कम्पनी मेटामाथि आफ्ना प्रतिस्पर्धीलाई अनुचित समर्थन गरेको आरोप लगाएको थियो । मेटाले आरोप अस्वीकार गरे पनि प्राविधिक त्रुटिका कारण लुलाका केही चुनावी विज्ञापन निष्क्रिय भएको स्वीकार गरेको थियो । लुलाले सामाजिक सञ्जाल कम्पनीहरूलाई नियमन गर्नुपर्ने बताएका छन् ।

सन् २००३ मा पहिलोपटक राष्ट्रपति बनेका लुला सन् २००६ मा पुनःनिर्वाचित भएका थिए । भ्रष्टाचारसम्बन्धी मुद्दामा १८ महिनाभन्दा बढी जेल बसेपछि प्रक्रियागत आधारमा आरोप खारेज भएको थियो । उनी सन् २०२२ मा पुनः राष्ट्रपति बनेको थियो । तेस्रो कार्यकालमा मुद्रास्फीति र बेरोजगारी घट्नुका साथै लाखौं मानिस भोकमरीबाट बाहिरिए पनि जीवनयापनको बढ्दो खर्च र अपराधले मतदातामा असन्तुष्टि कायम छ ।

४५ वर्षीय फ्लेभियोले आफूलाई बुबाभन्दा मध्यमार्गी नेताका रूपमा प्रस्तुत गर्दै रूढीवादी र परिवर्तन चाहने मतदाताको समर्थन जुटाएका थिए । नयाँ कार्यकालको अन्त्यमा ८५ वर्ष पुग्ने लुलाले दक्षिणपन्थी प्रभाव रहेको विपक्षी कंग्रेससँग पनि काम गर्नुपर्ने छ ।

अमेरिकाको व्यापारिक र कूटनीतिक दबावबीच लुलाले राष्ट्रिय सार्वभौमसत्तालाई चुनावी मुद्दा बनाएका थिए । उनले ब्राजिल कसैको आँगन बन्न स्वीकार नगर्ने बताए । विजयपछि चिलीका राष्ट्रपति जोस एन्टोनियो कास्ट, इक्वेडरका राष्ट्रपति डेनियल नोबोआ र मेक्सिकोकी राष्ट्रपति क्लाउडिया सेनबामले उनलाई बधाइ दिएका थिए । *रासस ⁄ एएफपी*

# चीनमा सीको नेतृत्व र पार्टी अनुशासनबारे महत्वपूर्ण बैठक

**बेइजिङ–** चिनियाँ राष्ट्रपति सी चिनफिङले पार्टीभित्र अनुशासन कडा बनाउने, भ्रष्टाचार नियन्त्रण गर्ने र कार्यकर्ताको कार्यक्षमता तथा बफादारी बढाउने विषयमा छलफल गर्न सोमबार बेइजिङमा चिनियाँ कम्युनिस्ट पार्टीको महत्त्वपूर्ण बैठक सुरु गरेका छन् । आगामी वर्ष हुने पार्टी महाधिवेशन र नेतृत्वको सम्भावित फेरबदलअघि सुरु भएको बैठकलाई चीनको भावी राजनीतिक दिशा बुझ्ने महत्त्वपूर्ण अवसरका रूपमा हेरिएको छ ।

पाँचौं पूर्ण अधिवेशन भनिने बैठकमा सत्तारूढ कम्युनिष्ट पार्टीको केन्द्रीय समितिका करिब ३०० सदस्य सहभागी छन् । सरकारी समाचार संस्था सिन्ह्वाका अनुसार राष्ट्रपति सीले बैठकमा पार्टीको अनुशासन र स्वशासन सुदृढ गर्ने रणनीतिक योजनासहितको मस्यौदा निर्णय प्रस्तुत गरेका छन् ।

बन्द कोठामा कडा सुरक्षाबीच भइरहेको बैठकका विस्तृत निर्णय बिहीबार बैठक सकिएपछि सार्वजनिक हुने अपेक्षा गरिएको छ । आगामी वर्ष हुने पार्टी महाधिवेशनमा ७३ वर्षीय सीले ऐतिहासिक चौथो कार्यकाल सुनिश्चित गर्ने र नेतृत्वमा फेरबदल गर्ने सम्भावना रहेकाले बैठकलाई विशेष महत्त्वका साथ हेरिएको छ ।

सीले १४ वर्षदेखि भ्रष्टाचारविरोधी अभियान सञ्चालन गर्दै आएका छन् । यस क्रममा केन्द्रीय समितिका सदस्यसहित हजारौं अधिकारी कारबाहीमा परेका छन् । तर, आफ्ना निर्देशन कार्यान्वयन नगर्ने तथा पार्टीप्रति पूर्ण बफादार नहुने अधिकारीप्रति उनी असन्तुष्ट रहेको सरकारी सञ्चारमाध्यममा प्रकाशित सामग्रीले देखाएको छ ।

यस वर्षको बैठकमा केन्द्रीय समितिका आठ स्थान रिक्त छन् भने अन्य १५ सदस्य अनुसन्धानमा रहेकाले पद गुमाउने जोखिममा छन् । सीको अभियानले सेनालाई समेत प्रभावित पारेको छ । केन्द्रीय सैन्य आयोगका सात सदस्यमध्ये पाँच जना पदबाट हटाइएका छन् । एसिया सोसाइटी पोलिसी इन्स्टिच्युटका अनुसार सन् २०२२ मा केन्द्रीय समितिमा नियुक्त ४४ सैन्य सदस्यमध्ये दुई जनामात्र कारबाहीमा नपरेको वा सम्पर्कविहीन नभएको अवस्था छ ।

विश्लेषकहरूका अनुसार




सीले थप निगरानी र कडा नियममार्फत पार्टीका अधिकारीको कार्यक्षमता तथा बफादारी बढाउन खोजेका छन् । बैठकले केन्द्रीय सैन्य आयोगमा नयाँ सदस्य नियुक्त गर्ने, आगामी वर्षको महाधिवेशनसम्म नियुक्ति स्थगित गर्ने वा सेनामाथि पार्टीको नियन्त्रण पुनर्गठन गर्ने विकल्पमध्ये कुनै निर्णय लिन सक्ने अनुमान गरिएको छ ।

चीनको सुस्त घरेलु खर्च, लामो समयदेखि संकटमा रहेको घरजग्गा क्षेत्र र अमेरिकासँगको तनावपूर्ण आर्थिक तथा राजनीतिक सम्बन्धकाबीच बैठक सुरु भएको हो । यी चुनौतीको सामना गर्न चीनको नेतृत्वले कस्तो नीति अपनाउँछ भन्ने विषयमा पनि बैठकको निर्णयलाई महत्त्वका साथ हेरिएको छ । *रासस ⁄ एएफपी*

# जापानका पूर्वप्रधानमन्त्री फुकुदाको निधन

**टोकियो–** चीनसँग सम्बन्ध सुधार गर्ने प्रयासका लागि परिचित जापानका पूर्वप्रधानमन्त्री यासुओ फुकुदाको ९० वर्षको उमेरमा निधन भएको छ । उनको निधन अक्टोबर २२ मा भएको जापानको सत्तारूढ लिबरल डेमोक्रेटिक पार्टीका एक अधिकारीले एएफपीलाई बताएका छन् ।

फुकुदाले सन् २००७ सेप्टेम्बरदेखि एक वर्ष जापानको नेतृत्व गरेका थिए । उनले १२ महिनामै पहिलो कार्यकाल समाप्त गरेका तत्कालीन प्रधानमन्त्री सिन्जो आबेको स्थान लिएका थिए ।

प्रधानमन्त्री रहँदा फुकुदाले चीनसँगको सम्बन्ध सुधारलाई प्राथमिकता दिएका थिए । उनले तत्कालीन चिनियाँ राष्ट्रपति हु जिन्ताओलाई जापान भ्रमणको निमन्त्रणा दिएका थिए । सन् २००८ मेमा भएको उक्त भ्रमण एक दशकपछि जापान भ्रमण गर्ने पहिलो चिनियाँ राष्ट्रप्रमुखको भ्रमण थियो ।

भ्रमणका क्रममा दुवै नेताले 'साझा रणनीतिक हितमा आधारित पारस्परिक लाभदायक सम्बन्ध' निर्माण गर्ने प्रतिबद्धतासहित संयुक्त वक्तव्य जारी गरेका थिए । लोकप्रियता घटेपछि फुकुदाले सन् २००८ सेप्टेम्बरमा प्रधानमन्त्री पदबाट राजीनामा दिएका थिए । उनले सन् २०१२ मा सक्रिय राजनीतिबाट अवकाश लिएका थिए ।

विवादित टापु र ऐतिहासिक मुद्दालाई लिएर जापान र चीनबीचको सम्बन्ध बिग्रँदै गएपछि फुकुदा सन् २०१४ मा चिनियाँ राष्ट्रपति सी चिनफिङसँग वार्ता गर्न चीन गएका थिए । उनको उक्त पहलले सी र आबेबीच शिखर बैठकका लागि मार्गप्रशस्त गरेको थियो । *रासस ⁄ एएफपी*


## Sunawarshi Municipality
## Office Of The Municiple Executive
**Dainiya, Morang**
**Koshi Province**

### Invitation For Sealed Qutation

**Published date:** 2083/07/10 (27th of Oct. 2026) Second Publication

1 Sunawarshi municipality, office of the municipal executive, Dainiya, Morang invites Hard copy from eligible bidder for the procurement of the following works under sealed quotation procedures. The name and identification of the contracts are as follows:

| Contract ID | Particular | Estimated amount Nrs (With Vat & PS) | Bid security Amount Nrs | Bid Document P rice Nrs |
|---|---|---|---|---|
| SUNMUN/SQ/ WORKS/083/84-01 | Surat Sunawarshi Kalopatre 120 meter | 18,76,421.72/- | 45,000 /- | 1000 /- |

2. Eligible Bidder may obtain further information from sunawarshi municipality, Office of the municipal executive, Dainiya, Morang, Tel- 9852078183, Email: sunawarshimun@gmail.com
3. Eligible Bidder may obtain further information and inspect the bidding Documents by hard copy from office of sunawarshi municipality, Dianiya, Morang and deposit cost of Bidding Document in bank name of the Bank:- Himalayan Bank Ltd, Dainiya, Morang. A/C Name:- **Sunavarshi Ga-1-1 Antarik Rajaswa Khata. A/C No: 26856389230138 & SUNAVARSHI GA-3 DHARAUTI KOSH KHATA:- A/C No:- 26856389230178**
4. A complete Set of Bidding Documents May be purchased from the Office Of sunawarshi Municipality Dainiya Morang by hard copy from Office of sunawarshi Minicipality, Dianiya, Morang. Bidders, submitting their bid as hard copy, should deposit the cost (non-refundable fee of Nrs 1000/- on or Before 2083/07/16 (2nd of Nov.2026) during office hours.)
5. Bids must be submitted to the office of the sunawarshi municipality by hard copy on before 12:00 noon on 2083/07/17 (3rd of Nov. 2026).. Bids received after this deadline will be rejected.
6. The Bids will be opened in the presence of Bidders representatives who choose to attend on 2083/07/17 (3rd of Nov. 2026), 14:00 hrs at sunawarshi municipality Dainiya, Morang. Bids must be valid for a period of 45 days and must be accompanied by Bid security, which shall be valid for minimum of 30 days beyond the Bid validity period.
7. If the last date of purchasing, submission and opening falls on government holiday then next working day shall be considered the last date. In such case the Bid validity and Bid security shall Remain the same as specified for the original last date of Bid submission.
8. The employer reserves the right to accept, or reject, wholly or partly any or all the Bids without assigning reason whatsoever.
9. Any additional matter not recovered by this shall be in accordance with the prevailing public procurement Act 2063, and public procurement Regulation 2064 of GON.

**Chief administrative officer**



**साउदीमा रोजगार** कम्पनी : **NAL UNITED COMPANY LTD**

पूर्व स्वीकृति मिति : २०८३/०७/०९ | LT. No. 349671 | चलानी नं. ६०२६२७४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Trailer Truck Driver | 8 | 0 | 1800 | ७२,८१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **Ninety Investment company**

पूर्व स्वीकृति मिति : २०८३/०७/०९ | LT. No. 349593 | चलानी नं. ६०२६२७६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | VEHICLE CLEANING LABOR | 1 | 0 | 1000 | ४०,४५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक १७ गते (3rd Nov. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**WORKFORCE SERVICES PVT. LTD.**
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914,Rajendra ghimire-9865502308
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७



**युएइमा रोजगार** कम्पनी : **MAZAYA RECRUITMENT - SOLE PROPRIETORSHIP L.L.C**

पूर्व स्वीकृति मिति : २०८२/०९/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/०९ | LT. No. 336503 | चलानी नं. ६०२४९९३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 175 | 0 | 1000 | ४१,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ कात्तिक १७ गते (3rd Nov. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Frontline Recruitment
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Sanjiv Sah 9801067993, Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068



**साउदीमा रोजगार** कम्पनी : **JAWA HUMAN RESOURCES COMPANY**

पूर्व स्वीकृति मिति : २०८२/०७/२४ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०७/०९ | LT. No. 332970 | चलानी नं. ६०२४६६१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 4 | 0 | 1000 | ४४,४९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक १७ गते (3rd Nov. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम ईजाजत नं. १५२४/०७४/७५
**Go Source Placement Services Pvt.ltd.(Avion Human Resource Management Pvt. Ltd.)**
Sinamangal-9, (Airport Gate) Kathmandu, Nepal. , Tel No.: +977-1 4599632, 9801000593, 9801000591, Email: avionhumanrm@gmail.com,, Website: www.gosourceplacementservices.com



**युएइ/मलेसियामा रोजगार** कम्पनी : **NATIONAL CATERING COMPANY LIMITED-WLL**

पूर्व स्वीकृति मिति : २०८३/04/08 | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/०९ | LT. No. 345193 | चलानी नं. ६०२५८५५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter(General) | 41 | 0 | 1200 | ४९,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner (Male) | 28 | 0 | 1000 | ४१,२५० | | | | | | | |

कम्पनी : **MAJESTIC SHINE BUILDING MAINTENANCE S.P.S- L.L.C**

पूर्व स्वीकृति मिति : २०८३/०७/०९ | LT. No. 349300 | चलानी नं. ६०२६२४१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Layer | 2 | 0 | 1500 | ६१,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 2 | 0 | 1500 | ६१,८७५ | | | | | | | |
| 3 | Mason, Painter, Plumber | 2 | 0 | 1500 | ६१,८७५ | | | | | | | |
| 4 | Carpenter | 2 | 0 | 1500 | ६१,८७५ | | | | | | | |

कम्पनी : **SEKURITI AZGAN SDN BHD**

पूर्व स्वीकृति मिति : २०८२/०६/२४ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०७/०९ | LT. No. 332245 | चलानी नं. ६०२४५९१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 6 | 0 | 1700 | ६३,०४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक १७ गते (3rd Nov. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**GREAT NEPAL H.R PVT.LTD.**
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074
E-mail : infogreatnepalhr2000@gmail.com, Web: www.greatnepalhr.com.np
Govt. License No. 1688/080/081

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – २,८१,५०० | प्रति तोला – ० | प्रति तोला – ३,९९५ |



**मुरी स्याहार्ने चटारो** | दाङको तुलसीपुर उपमहानगरपालिका–७ स्थित ग्वारखोला फाँटमा धान भित्र्याउन व्यस्त किसान । वर्षा हुने भएपछि किसानहरू अहिले काटेको धान ब्यबस्थापनमा व्यस्त देखिन्छन् । *तस्बिरः रासस*

## निजी क्षेत्र बलियो नभई राज्य बलियो हुँदैनः सभामुख अर्याल

■ प्रभाव संवाददाता

**पोखरा–** प्रतिनिधिसभाका सभामुख डोलप्रसाद अर्यालले निजी क्षेत्र बलियो नभई राज्य बलियो नहुने बताएका छन् ।

पोखराका अगुवा पर्यटन व्यवसायीसँग सोमबार भएको भेटमा उनले मुलुकको समृद्धिका लागि निजी क्षेत्रलाई सबल र सक्षम बनाउनुपर्ने धारणा राखे । 'विप्रेषण यति आयो भनेर बसेर मात्र हुँदैन, हामीले हाम्रै निजी क्षेत्रको विकासमा जोड दिनुपर्छ', उनले भने, 'निजी क्षेत्रसँग मिलेर काम गर्न अहिलेको सरकारसँग हुटहुटी छ ।'

मुलुकको आर्थिक विकाससँगै रोजगारी सिर्जनामा पर्यटन क्षेत्रको महत्वपूर्ण योगदान रहेको भन्दै यसमा राज्यले विशेष ध्यान दिनुपर्ने उनले बताए । पर्यटनमा नेपालले अथाह सम्भावना बोकेको उल्लेख गर्दै सभामुख अर्यालले विश्व पर्यटन बजारमा नेपालको उपस्थितिलाई बलियो बनाउनुपर्ने बताए । पर्यटन विधेयक अगाडि बढेको जनाउँदै उनले कानुन निर्माण प्रकृयामा पर्यटन व्यवसायीलगायत सरोकार भएका पक्षको चासो र सरोकारलाई समेटिने बताए ।



'कुनै पनि कानुन निर्माण हुँदा पर्यटनसँग सम्बन्धित विषयमा यहाँहरूले पनि चासो लिनुहोस्, आवश्यकताका आधारमा कानुनलाई परिमार्जन र संशोधन गर्न सकिन्छ', सभामुख अर्यालले भने, 'सरोकार भएका पक्षलाई जानकारी नदिई र छलफल नगरी कुनैपनि कानुन बन्नुहुँदैन ।' सरकारले पोखरा, चितवन, बर्दियालगायत ठाउँको पर्यटन विकासलाई विशेष महत्वका साथ लिएको उनले बताए ।

उक्त अवसरमा पोखरा पर्यटन परिषद्का तर्फबाट दिगो पर्यटन विकाससँग सम्बन्धित १० बुँदे माग समेटिएको ध्यानाकर्षणपत्र सभामुख अर्याललाई बुझाइएको थियो । परिषद्का अध्यक्ष हरि भुजेलले हस्तान्तरण गरेको ध्यानाकर्षणपत्रमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट हालै सुरु भएको दुबई-पोखरा-दुबई उडानलाई दिगो र प्रभावकारी बनाउनुका साथै पोखराबाट राष्ट्रिय ध्वजावहाक नेपाल एयरलाइन्सलाई अन्तर्राष्ट्रिय उडानका लागि पहल गरिदिन सभामुखसमक्ष अनुरोध गरिएको छ ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल प्रयोग गरी विदेश जानेहरूका लागि श्रम स्वीकृति, भिसा प्रक्रियालगायत सेवा पोखराबाटै प्रदान गर्नुपर्ने, पोखराको लेकसाइडमा रहेका विभिन्न होटल तथा व्यावसायिक भवनको सम्पन्नता तथा अभिलेखीकरणमा लाग्ने करको दरमा सहुलियत दिनुपर्ने, पोखराको लेकसाइडमा रहेको रत्नमन्दिरलाई संग्रहालयको रूपमा विकास गरी आन्तरिक तथा बाह्य पर्यटकका लागि खुला गर्नुपर्ने, फेवातालको जलाधार क्षेत्र संरक्षणलगायतका माग सम्बोधनका लागि पहल र सहजीकरण गरिदिन सभामुखसमक्ष अनुरोध गरिएको छ ।

ध्यानाकर्षणपत्र ग्रहणपछि सभामुख अर्यालले पर्यटन व्यवसायीहरूले उठाएका जायज मागको सम्बोधनका लागि सम्बन्धित मन्त्रालयका मन्त्रीसँग छलफल गरी समस्या समाधानका लागि आवश्यक सहयोग तथा समन्वय गर्ने प्रतिबद्धता जनाएका थिए ।

## 'एनआरएनए नागरिकतासम्बन्धी कानुनी बाधा आगामी वर्षभित्रै हट्छ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** परराष्ट्र मन्त्री शिशिर खनालले गैरआवसीय नेपाली नागरिकता आगामी आर्थिक वर्षभित्र व्यवहारमा प्रयोगमा ल्याउनेगरी कानुनी आधार तयार गर्ने प्रतिवद्धता पुनः दोहोर्‍याएका छन् ।

सोमबार गैरआवासीय नेपाली संघ (एनआरएनए) का पूर्वअध्यक्ष कुल आचार्य र बेलायतमा रहेका व्यवसायी तथा समाजसेवी उत्तम नेपालले उपलब्ध गराएको डीएनए किट हस्तान्तरण समारोहमा बोल्दै उनले आफूले सार्वजनिक रूपमै पनि एनआरएनए नागरिकता सम्बन्धि कानुनी अडचन हटाउने प्रतिवद्धता जनाउँदै आएको उल्लेख गरे ।

'मैंले यसअघि अष्ट्रेलियामा आयोजित कार्यक्रममा पनि आगामी आर्थिक बर्षभित्र एनआरएन नागरिकतामा देखिएको कानुनी वाधा हटाउने र आर्थिक बर्षभित्र वा अगावै पनि समस्या सुल्झाउने बताइसकेको छु । यो काममा हामी सबै लागिरहेका छौं,' उनले अगाडि भने,'सरकारमा आइसकेपछि एनआरएनएको विषयलाई रणनीतिक महत्वका साथ हेरेका छौं । विदेशमा रहेका नेपालीलाई नेपालसँग जोड्नुपर्छ भनेर गम्भीर भएर काम गरिरहेका छौं । एनआरएनए नागरिकता लिइसकेकाहरूलाई पनि आधारभूत अधिकारहरू प्रयोग गर्न असहज नहोस भनेर मिहीन ढंगले काम भइरहेको छ । यी सबै कामका लागि एक बर्षको समय तोकेका हौं ।

उनले सरकारको मुल मुद्दा नै आर्थिक समृद्धि भएकाले विदेशमा रहेका नेपालीहरूलाई नेपालमा लगानी गर्न कानुनी बाधा हटाउने प्रयासमा कुनै कमी नहुने प्रतिवद्धता जनाए ।

परराष्ट्र सचिव अमृत राईले गैरआवासीय नेपाली नागरिकता व्यवहारिक प्रयोगमा देखिएको समस्याहरूप्रति आफैं लज्जित हुनु परेको औंल्याउँदै केही नेपाल ऐन संशोधनमार्फत समस्याको समाधान गर्ने प्रयास गरिरहेको बताए ।

उनले भने,'नागरिकताका सन्दर्भमा हामी आफैंलाई छटपटी छ । करिब सात हजार पाँचसय जनाले नागरिकता लिनु भएको छ तर पछि एनआरएनए कार्डमै फर्किनुपर्‍यो । सरकारले इस्यू गरिसकेको विषयबाट पछाडि फर्किनुपर्दा असहज भएको छ । अब मन्त्रीज्यूबाट नागरिकताको विषय टुंगोमा पुर्‍याउने प्रयास भइरहेको छ । कानुनी आधार तयार गर्ने प्रयास जारी छ ।'

कार्यक्रममा एनआरएनएका संस्थापक अध्यक्ष उपेन्द्र महतोले विदेशमा भएका नेपालीहरू नेपालको समृद्धि र विकासमा निरन्तर क्रियाशील रहेको बताए ।

## दसैंपछिको पहिलो कारोबारमा नेप्से सामान्य घट्यो

**काठमाडौं (प्रस)–** साताको पहिलो कारोबार दिन सोमबार नेप्से परिसूचक झिनो अंकले घटेको छ । दसैं बिदाअघि निरन्तर सात कारोबार दिन बढेको नेप्से दसैंपछि भने घटेको छ ।

सोमबार नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक ४.३४ अंक घटेर २६२९.८२ विन्दुमा झरेको छ । सेन्सेटिभ इण्डेक्स २.१७ अंक, फ्लोट इण्डेक्स ०.५३ अंक र सेन्सेटिभ फ्लोट इण्डेक्स ०.६६ अंक घटेको छ ।

१३ मध्ये चार उपसमूहको परिसूचक बढेको छ । व्यापार उपसमूहको परिसूचक १.११ प्रतिशत बढेको छ । उत्पादन तथा प्रशोधन उपसमूहको परिसूचक १ प्रतिशतभन्दा बढी बढेको छ ।




नेप्सेसँगै सोमबार कारोबार रकम पनि घटेको छ । गत असोज ३० गते चार अर्ब ८८ करोड रूपैयाँबराबरको सेयर खरिदबिक्री भएको थियो । चार अर्ब २४ लाख २१ हजार रूपैयाँबराबरको एक करोड तीन लाख ४३ हजार कित्ता सेयर खरिदबिक्री भएको छ ।

पनि घलेम्दी हाइड्रो कम्पनीको सबैभन्दा धेरै २३ करोड ६६ लाख रूपैयाँबराबरको सेयर कारोबार भएको छ । शिवम् सिमेन्ट्सको साढे २० करोड र माउन्टेन इनर्जी नेपालको करिब १८ करोड रूपैयाँको सेयर किनबेच भएको छ ।

सोमबार बेनी हाइड्रोपावरको सेयरमूल्य ५२ रूपैयाँ ९० पैसा बढेर ४०५ रूपैयाँ ९० पैसामा अन्तिम कारोबार भएको छ । माथिल्लो मैलुङ खोला जलविद्युतको सेयरमूल्य करिब ६ प्रतिशत सोनापुर मिनरल्स एण्ड आयलको सेयरमूल्य ५ प्रतिशत बढेको छ ।

## ग्लोबल आइएमईलाई तेस्रो पटक 'बेस्ट बैंक अवार्ड'

■ प्रभाव संवाददाता

**काठमाडौं–** ग्लोबल आइएमई बैंक लिमिटेड प्रतिष्ठित अन्तर्राष्ट्रिय आर्थिक पत्रिका 'ग्लोबल फाइनान्स'ले प्रदान गर्ने 'बेस्ट बैंक अवार्ड २०२६'बाट सम्मानित भएको छ । यससँगै बैंकले लगातार तेस्रो वर्ष उक्त प्रतिष्ठित अवार्ड प्राप्त गर्दै नेपालको बैंकिङ क्षेत्रमा आफ्नो अन्तर्राष्ट्रिय पहिचान थप मजबुत बनाएको छ ।

बैंकले यसअघि सन् २०२४ र २०२५ मा पनि 'बेस्ट बैंक नेपाल' विधाअन्तर्गत ग्लोबल फाइनान्सको अवार्ड प्राप्त गरेको थियो । लगातार तीन वर्षसम्म एउटै विधामा सम्मानित हुनुले बैंकको वित्तीय क्षमता, सेवा विस्तार र प्रविधिमैत्री बैंकिङ प्रणालीप्रतिको प्रतिबद्धतालाई प्रतिबिम्बित गरेको बैंकले जनाएको छ ।

थाइल्याण्डको राजधानी बैंककमा आयोजित विशेष समारोहमा ग्लोबल फाइनान्सका प्रतिनिधिले ग्लोबल आइएमई बैंकका नायव प्रमुख कार्यकारी अधिकृतद्वय सुमन पोखरेल र दीपचन्द्र रेग्मीलाई उक्त अवार्ड हस्तान्तरण गरेका थिए ।




ग्लोबल फाइनान्सले वित्तीय स्रोत परिचालन गर्ने क्षमता, संस्थागत विश्वसनीयता, भौगोलिक तथा डिजिटल पहुँच विस्तार, रणनीतिक व्यावसायिक साझेदारी र ग्राहकमैत्री नवप्रवर्तनलाई मूल्याङ्कनको प्रमुख आधार बनाएको थियो ।

त्यसैगरी, अत्याधुनिक प्रविधि तथा कृत्रिम बौद्धिकता (एआई)को प्रभावकारी प्रयोग, दिगो कर्जा प्रवाह र सबल जोखिम व्यवस्थापनलाई समेत पुरस्कार प्रदान गर्ने आधारका रूपमा लिइएको जनाइएको छ ।

समारोहमा एसिया-प्रशान्त क्षेत्रसहित विश्वभरका प्रतिष्ठित वित्तीय संस्थाहरूलाई विभिन्न विधामा सम्मान गरिएको थियो । सम्मानित संस्थाहरूमा हङकङको बैंक अफ चाइना, भारतको स्टेट बैंक अफ इन्डिया, चीनको आइसीबीसी, मलेसियाको यूओबी मलेसिया, बङ्गलादेशको सिटी बैंक र जापानको एमयूएफजी बैंकलगायत रहेका थिए । ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको यस प्रतिष्ठित अवार्ड प्राप्त गर्ने पहिलो नेपाली बैंक भएको जनाएको छ । ग्लोबल फाइनान्सले विश्वभरका उत्कृष्ट केन्द्रीय बैंक तथा वाणिज्य बैंकहरूको कार्यसम्पादन र उपलब्धिलाई मूल्याङ्कन गर्दै विभिन्न विधामा पुरस्कार प्रदान गर्दै आएको छ ।

बैंकले यसअघि पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विभिन्न सम्मान प्राप्त गरिसकेको छ । सन् २०१४ मा 'बैंक अफ द इयर', सन् २०१६ मा 'बेस्ट इन्टरनेट बैंक' तथा सन् २०२२, २०२४ र २०२५ मा युरोमनी अवार्ड फर एक्सलेन्स प्राप्त गरेको बैंकले जनाएको छ ।

त्यसैगरी, सन् २०२४ मा 'बेस्ट बैंक ईएसजी नेपाल' र 'बेस्ट इम्प्लोयर' लगायतका सम्मानसमेत बैंकले प्राप्त गरेको छ । आधुनिक प्रविधिको प्रयोग र ग्राहक सेवामा सुधारलाई प्राथमिकता दिँदै आएको बैंकले यी उपलब्धिलाई आफ्नो सेवा विस्तार र संस्थागत विकासको परिणामका रूपमा लिएको छ ।

ग्लोबल आइएमई बैंक मुलुकका सबै ७७ जिल्लामा आफ्नो सञ्जाल विस्तार गर्ने पहिलो निजी क्षेत्रको वाणिज्य बैंक भएको जनाएको छ । बैंकले हाल ३४१ शाखा, ३६६ एटीएम, १४७ शाखारहित बैंकिङ केन्द्र, ६९ एक्सटेन्सन तथा राजस्व सङ्कलन काउन्टर र विदेशमा रहेका तीन प्रतिनिधि कार्यालयमार्फत सेवा प्रदान गर्दै आएको छ । यी संरचनासहित बैंकले एक हजारभन्दा बढी सेवा केन्द्रबाट ग्राहकलाई बैंकिङ सुविधा उपलब्ध गराइरहेको छ ।

बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, अस्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, संयुक्त अरब इमिरेट्स र भारतलगायतका मुलुकबाट औपचारिक माध्यममार्फत विप्रेषण (रेमिट्यान्स) भित्र्याउँदै आएको छ । यसबाट विदेशमा रहेका नेपालीलाई स्वदेशमा रकम पठाउन सहज हुनुका साथै राष्ट्रिय अर्थतन्त्रमा समेत योगदान पुगेको बैंकको भनाइ छ । लगातार तेस्रो पटक प्राप्त अन्तर्राष्ट्रिय सम्मानले आगामी दिनमा अझ गुणस्तरीय, सुरक्षित र प्रविधिमैत्री बैंकिङ सेवा प्रदान गर्न प्रोत्साहन मिलेको बैंकले जनाएको छ ।

## हात्तीबाट धानबाली जोगाउने चिन्ता

**झापा–** झापाका किसानमा धान पाक्ने समय नजिकिएसँगै जंगली हात्तीबाट बाली जोगाउने चिन्ता बढेको छ । खेतमा लगाएको धान जोगाउने प्रयासमा रहेका किसानलाई हात्तीको जोखिमबाट बच्न आग्रह गर्दै सशस्त्र प्रहरीले हात्ती प्रभावित क्षेत्रमा जनचेतनामूलक अभियानसँगै सुरक्षा निगरानी बढाएको छ ।

चाडपर्वको समयमा मानिसहरूको चहलपहल बढ्ने र बिहान-बेलुका तथा रातको समयमा जंगली हात्तीसँग जम्काभेट हुने जोखिमलाई ध्यानमा राख्दै सशस्त्र प्रहरीले प्रभावित बस्तीमा 'माइकिङ'मार्फत सचेतना फैलाइरहेको छ । हात्तीको आवतजावत हुने क्षेत्रका बासिन्दालाई आवश्यक सावधानी अपनाउन र अँध्यारो समयमा अत्यावश्यक कामबाहेक घरबाहिर ननिस्कन आग्रह गरिएको छ ।

सशस्त्र प्रहरी बल, नेपाल नं २ गण झापाका गणपति तथा सशस्त्र प्रहरी उपरीक्षक सचिन कर्माचार्यले हात्तीबाट हुन सक्ने मानवीय तथा भौतिक क्षति न्यूनीकरण गर्न सुरक्षा सतर्कतासँगै जनचेतनामूलक गतिविधिलाई प्राथमिकता दिइएको बताए ।

'धानबाली जोगाउने चिन्तामा रहेका किसान तथा स्थानीय बासिन्दाले हात्तीको जोखिमलाई पनि उत्तिकै ध्यान दिनुपर्छ । हात्ती देखिएमा नजिक जाने, जिस्क्याउने वा लखेट्ने प्रयास नगरी सुरक्षित स्थानमा जानुपर्छ,' कर्माचार्यले भने ।

उनका अनुसार हात्ती प्रभावित क्षेत्रमा सशस्त्र प्रहरीको मोबाइल तथा पैदल गस्ती परिचालन गरी निगरानी भइरहेको छ । स्थानीय बासिन्दालाई हात्तीको आवतजावतबारे सचेत गराउने र सम्भावित जोखिम न्यूनीकरणका लागि सम्बन्धित निकाय तथा स्थानीयसँग समन्वय गर्ने काम पनि भइरहेको छ ।

धानबाली भित्र्याउने समय नजिकिँदै गर्दा खेतबारीमा जाने, राति बालीको निगरानी गर्ने तथा हात्ती धपाउने प्रयास गर्दा जोखिम हुन सक्ने भएकाले किसानलाई विशेष सावधानी अपनाउन सशस्त्र प्रहरीले आग्रह गरेको छ । हात्तीको बाटो अवरुद्ध गर्ने, नजिकै गएर फोटो वा भिडियो खिच्ने तथा भीड जम्मा भएर हात्तीलाई घेराबन्दी गर्ने कार्यले जोखिम बढाउन सक्ने भएकाले त्यस्ता गतिविधि नगर्न पनि अनुरोध गरिएको छ ।

त्यसैगरी, घर, गोठ तथा आँगन वरपर हात्तीलाई आकर्षित गर्न सक्ने खानेकुरा नराख्न, घर आसपास पर्याप्त उज्यालोको व्यवस्था गर्न र बाक्लो झाडी सफा राख्न आग्रह गरिएको छ । बस्तीमा रहेका बालबालिका, वृद्धवृद्धा तथा अन्य जोखिममा पर्न सक्ने व्यक्तिको विशेष ख्याल गर्न पनि सशस्त्र प्रहरीले अनुरोध गरेको छ ।

झापामा मेचीनगरको बाहुण्डाँगी, बुद्धशान्तिको माथिल्लो क्षेत्र, हल्दिबारीको जलथल, अर्जुनधाराको चुरे क्षेत्र तथा दमक र शिवसताक्षीका केही क्षेत्रमा जंगली हात्तीको आवतजावत र क्षतिको समस्या देखिँदै आएको छ । हात्ती प्रभावित क्षेत्रका बासिन्दालाई सतर्क रहन र हात्ती देखिएमा नजिक नजान सशस्त्र प्रहरीले आग्रह गरेको छ । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक